# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली समाजमा जातपातका आधारमा दलित र गैरदलित सम्बन्धमा ठूलो विभेद रहेको छ । दलितले छोएको पानी पिउन नहुने, दलितले पकाएको खाना खान नहुने, दलितलाई छोएपछि शरीरमा पानी छर्कनुपर्ने, सार्वजनिक मठ-मन्दिर, इनार कुवा, धारामा दलितलाई प्रवेश र प्रयोग गर्न निषेध गरिएको हुन्छ । विगतमा यस्तो भएपनि वर्तमानमा दलित र गैरदलित बिचमा हुने विभेदमा परिवर्तन आइरहेको छ । जस्तै सार्वजनिक धारा, कुवा, इनार, दलित र गैरदलित सबैले प्रयोग गर्न पाउँछन् । गैरदलितले दलितलाई छोएपछि शरीरमा पानी छर्किने कु-प्रथाको अन्त्य भएको छ । सार्वजनिक स्थानहरुमा दलितमाथि गरिने विभेद घट्दो क्रममा रहेको छ । दलित र गैरदलितबीचको परम्परागत विभेदात्मक सम्बन्ध परिवर्तन भएर समानतातिर उन्मुख भईरहेको छ ।

किनभने विगत केही वर्षदेखि आजसम्म नेपाली समाजमा घटनाक्रमहरू जुन किसिमले विकसित हुँदै आइरहेका छन् त्यसले यसै कुराको पुष्टि हुन्छ कि नेपाली समाजको भित्री पाटो पूरै विरोधाभासपूर्ण, असन्तुलित, अस्थिर र अव्यवस्थित छ र आजको अवस्थामा आइपुग्दा जातजाति, भाषा, धर्म संस्कृति क्षत्रीय, लैंगिक र वर्गीयतामा रहेका असमानता तथा अनेकताहरू उजगार भैरहेका छन् र त्यस्ता  स्वरहरू बुलन्द रूपमा उर्लिरहेका छन् । यो समयक्रममा बदलिँदो सामाजिक चेतनाको विकसित अवस्थाको कारण हो । यद्यपि यस जातपातको उचनीचता भारतीय हिन्दूहरूको देन भनिन्छ । “भारतको इतिहास साक्षी छ कि भारतमा पहिले वर्णव्यवस्था थियो, जाति व्यवस्था पछिमात्रै आयो । ऋग्वेदको अन्तिम मण्डलमध्ये कुनै एक मण्डल पुरुषसूक्तमा दिइएको छ । जसमा चारवर्णको उत्पत्ति कहाँबाट भयो सो बताएको पाइन्छ । वर्णाश्रम

व्यवस्थाको सम्पूर्ण औचित्यको पुष्टि पुरुषसूक्तमा पाइन्छ । यसै हिसाबबाट चारै वर्णको सिद्धान्त प्रतिपादित गरियो । (समानता, २०५४:५) ।

दलित एवं उत्पीडित समुदाय प्रतिको सामाजिक, आर्थिक विषमता अरु कहाली लाग्दो छ । एक्काइसौ शताब्दीमा प्रवेश गर्न लागि सक्दा पनि नेपाली समाज तल्लो जात र माथिल्लो जातको मानसिकताबाट मुक्त हुन सकेको छैन । एउटा मानव अर्को मानव सँग छोइन नहुने, छुवाछुत, प्रथा जस्तो सामाजिक कुरीति र अन्धविश्वास अझै नेपाली समाजमा विद्यमान छ । सामाजमा विद्यमान जातीय श्रेणीबद्धताले सबै भन्दा बढी शोषण र दमन दलित जातिहरुलाई गरेको छ । दलित जातिहरुका बालबालिकाहरु सार्वजनिक शिक्षालयहरुमा आफ्नै बस्तीहरुका बीचमा बस्न नहुने, छुट्टै कुनामा गएर बस्नु पर्ने र उच्च ठानिने जात-जातिहरुबाट सदा उपेक्षित भएर रहनु पर्ने अवस्था असभ्य मात्र होइन अमानवीय पनि हो । यी जातिहरु सामाजिक दृष्टिकोणले उपेक्षित मात्र नभएर मानवीय सामथ्यको उपभोगको सन्दर्भमा पनि त्यतिकै उपेक्षित रहेका छन् । राजनैतिक, आर्थिक र सामाजिक पहुँचको आयाम पनि यिनीहरुको ज्यादै न्यून छ । कहालिलाग्दो गरिबी पनि यिनीहरुकै घर आगनमा सबै भन्दा बढी छ । हावापानी ओत्ने छाप्रो सम्म नभएका परिवारको ठूलो संख्या अहिले पनि अछुत जातिमै रहेको छ (अधिकारी, २०५७) ।

“शुरुमा वर्णव्यवस्था श्रम विभाजन गर्नमा मात्र सीमित थियो । समयक्रम बित्दै जादाँ श्रमका आधारमा तल्लो दर्जाका मानिसलाई दास, दस्यू र शूद्रसम्म बनाइयो । त्यसपछि ब्राह्मण-क्षत्रीहरूले सर्वसम्पत्तिमाथि एकाधिकार जमाए । श्रमजीवी वर्गलाई दलित तथा पददलित बनाए । यसरी के सिद्ध हुन्छ भने वर्ण व्यवस्था उत्पत्तिबाट नै एक वर्ग व्यवस्था हो । यस वर्ण व्यवस्थालाई यस्तो शास्वत जस्तो पारियो कि जसलाई धार्मिक खोल ओढाइयो । यस वर्ण व्यवस्थालाई उपनिषद्, गीता, स्मृतिलगायतका अनेकौं धर्मशास्त्रको सहारा लिएर यस्तो एउटा शास्वत सत्य जस्तो बनाइयो, जो अहिलेसम्म त्यसै ढंगले चालू छ ।

"वर्ण शब्दको अर्थ रङ्ग हो । वैदिक आर्यहरू गोरो वर्णका थिए भने आर्यपूर्वका भारतका वासिन्दाहरू कालो, पहेंलो एवं रातो वर्णका थिए । त्यसैले शुरुशुरुमा त्यही छालाको रङ्गको भिन्नता देखाउने क्रममा वर्ण शब्दको प्रयोग हुन थालेको अन्दाज विद्वानहरूले गरेका छन्; तर पछि पछि वर्ण शब्दले रङ्गको अर्थ दिन छाडेर श्रम विभाजनको अर्थ दिँदै गएको कुरा प्रष्टै देखिन्छ । हिन्दू विचारधाराअनुसार वर्ण या जात पर्यायवाची शब्द हुन् । भारतीय उपमहाद्वीपको समाज आर्य, मंगोल, द्रविड र आष्ट्रिक वा निग्रो प्रजातिहरूको सम्मिश्रणबाट बनेको छ । वैदिक आर्यहरूले आफू र यिनै भिन्न भिन्न जातीय समूहको आधारमा वर्ण या जातको जग हालेका थिए ।" प्रश्रित ( २०५८:१७) का अनुसार "समाज तिन तहमा बाँडिएको हुन्छ : एउटा वर्ग, हैसियत र अर्को शक्ती । समाजशास्त्री म्याक्सवेवरका अनुसार हैसियत सम्मान र सुविधामा तथा वर्ग आर्थिक व्यवस्थामा आधारित हुन्छ । नश्ल, जातजाति हैसियतमा पर्दछ भने जमीनदारी र सामाजिक वर्ग वर्गमा पर्दछ । वर्ण एउटा खाका हो जात त्यसभित्रका समूह हो । वर्ण चार किसिमको छ - ब्राह्मण, क्षत्री, वैश्य, शूद्र" (भट्टचन र अन्य, २०६५:१३) ।

नेपाली समाजको विश्लेषण गर्ने क्रममा अझ अगाडि बढ्दा यो पूर्ण रूपले खण्डित देखिन्छ । जुन रूपमा एकताको कुरा गरिन्छ, त्यो कृत्रिम र यान्त्रिक मात्र लाग्दछ । मूलतः नेपाली समाज छूत-अछूत (दलित-गैरदलित) समूहमा विभक्त छ । अरू सबै विषयभन्दा पनि यो अत्यन्त गम्भीर प्रकृतिको समस्या हो । छुन हुने र छुनै नहुने मानवी विभेद भएको समाज र देश हो यो । निश्चय पनि समाजमा विद्यमान समस्या जडित विसंगति, वेथिति, विरोधाभास र विडम्बनाहरूबारे खोज गरी यथार्थतालाई अगाडि ल्याई सत्यताको निरूपण गरी समाज विकासलाई गति दिन मार्ग प्रशस्त गरिदिनु आज सबै समाजशास्त्रीहरूको काम हो । अवश्य पनि नेपाली समाजका छूत र अछूत तथा दलित गैरदलित भनिने जातिहरूको बारेमा धेरै नै अध्ययन र खोजका साथै विभन्नि संघसंगठनका विभिन्न कार्यहरू तथा विभिन्न गोष्ठी सेमिनारका प्रवचन र अनुभवहरू अगाडि बढाउँदै लगिएको छ र धेरै तथ्यहरू सार्वजनिक भएका छन् र हुँदै जानेछन् पनि, तर आज यो प्रश्न समस्याको स्पष्टता सँगसँगै उन्मुक्तिको प्रश्नसँग जोडिन पुगेको छ ।

यसै प्रश्नहरूको बीचबाट उठेर शोधकर्ताबाट सुदुरपश्चिमाञ्चल विकास क्षेत्र सेती अञ्चल डोटी जिल्ला लक्ष्मीनगर गाविस लक्ष्मीनगर गा.वि.स. अन्तर्गतका दलित र गैरदलित जातिहरूको बीचको यथार्थपरक सम्बन्धको वास्तविकता र त्यसमा देखापरेका वा हुन गइरहेका परिवर्तनको आंकलन यस अध्ययनमा गरिएको छ ।

मानव जातिको शारीरिक बनावट रङ्ग, आकार, प्रकार इत्यादिको आधारमा छुट्टयाइएको समुहलाई प्रजाति भनिन्छ । मानव जातिलाई कसैले युरोपियन (सेतो वर्ण), मङ्गोलाम्ड (पहेलो वर्ण) र निग्रोइन (कालो वर्ण) गरी तीन प्रजातिमा बाँडेका छन् भने कसैले केकेसियन (यूरोपियन) मंगोलियन, इथोपियन, अमेरिकन र मलायन गरी पाँच भागमा बाँडेका छन्  (अधिकारी, २०५७) ।

## १.२ समस्याको कथन

नेपाली समाजको मुख्य विशेषतामध्ये जातपातमा आधारित भेदभाव पनि प्रमुख रहेको छ । यो नै नेपाली समाजको पहिचान र समस्या समेत बनेको छ; यसले समाजमा फुट ल्याउने काम भएको छ । जसले गर्दा नेपाली समाज खण्डित छ र लाखौं मान्छेहरू पीडित छन् ।

हिन्दूवर्ण-व्यवस्था धर्म नेपाली समाजको द्योतक हो । केही शिक्षाबाट दीक्षा पाएका व्यक्तिहरू बाहेक उपाधि नै हासिल गरेका तथा सो धर्मइतर मानिसहरू समेतको सिङ्गो समाज त्यसवर्ण व्यवस्थाको जातीय मानसिकतामा चुर्लुम्म डुबेको पाइन्छ । यसले गर्दा यहाँ भौतिक विकास, मानवीय वैशिष्टय र वैयक्तिक प्रतिभा र सामाजिक प्रगतिभन्दा पनि जात सबैभन्दा ठूलो र मूल कुरा देखिएको छ । यहाँ ब्राह्मण हुनुमा, क्षत्री हुनुमा, राजपूत हुनुमा र कम्तीमा पनि नेवार, गुरुङ्ग, मगर र घर्तीसम्म हुनुमा पनि ठूलै हुँ भन्ने ठानिन्छ । त्यस्तै कामी हुनुमा, परियार हुनुमा, सार्की हुनुमा, बादी हुनुमा, डोम, चमार, धोवी, मुसहर, वाँतर, हलखोर, कसाई प्रभृति जात हुनुमा सानो ठानिन्छ । यद्यपि सबै मानिसहरूको मानवीय प्रकृति-जन्म, मृत्यु, दुःख पीडा, बाँच्ने आधार, शारीरिक संरचना

सबै एउटै छ र कुनै प्राकृतिक भेद छैन, यो मानवमात्रभन्दा पनि प्राणीजन्य प्रकृति हो भन्ने सबैलाई ज्ञात भएको छ। "हाम्रो समाजमा यो समुदायलाई हेर्ने दृष्टिकोण नै फरक छ। एकै धर्म, संस्कृति अँगाल्ने, चाडपर्व मनाउने, एकै किसिमको किरिया, कर्मकाण्ड गर्ने, एउटै थर गोत्रका, एउटै पेशा अँगाल्ने नेपाली दाजुभाइ दिदीबहिनीहरू मानव सभ्यताका अगुवाइ गर्ने व्यक्ति - व्यक्तिकाबीचमा छुवाछूतप्रथालाई अँगालेर सिङ्गो नेपाल विश्व सामु कलङ्कित भएको छ। हामी नेपालीको शिर झुकेको छ" (परियार, २०६३ : १६)।

नेपालमा अहिले सम्म जडा गाडेर वसेको 'हिन्दु वर्ण व्यवस्था' नेपालका शासकले निर्माण गरेको भन्दा पनि विभिन्न समयमा छिमेकी मुलुक भारत बाट भित्रियका भारतिय हिन्दुहरुले नेपालका विभिन्न भूभागमा हिन्दु वर्ण व्यवस्था अनुसार शासन सञ्चालन गरी समाजलाई विभिन्न स्तरहरुमा वर्गीकरण गरी आÇनो प्रभुत्व जमाएका थिए। भारतमा हिन्दु वर्ण व्यवस्था अनुसार समाज विभिन्न जातिमा विभक्त थियो। मानिसको काम अनुसार उसको पद र जात छुट्याईएको थियो। पूजा पाठ गर्ने, पुरोहित्याई, ज्ञान शिक्षा आर्जन गर्ने व्राह्मण, सैनिक तथा प्रशासकीय काम गर्ने क्षेत्री, पशुपालन, खेती, व्यापार गर्ने वैश्य र सील्पकारी सेवाको काम गर्ने शुद्र गरी चार वर्णको विभाजन गरिएके थियो। श्रमका आधारमा गरिएको यस्तो विभाजनमा नेतृत्व तहमा सधैँ व्राह्मण क्षेत्री रहे। ती नेतृत्वकर्ताले वैश्य र शुद्रलाई आÇनो नियन्त्रणमा राखी उनीहरुलाई दवाएर राखे। शासकहरुले 'छुवाछुत' व्यवस्थालई कायम गरी छुत र अछुत जाति भनी विभाजित गरियो। अछुत जाति भनिने दलितहरुलाई छोए पनि छोडो हाल्ने (छोएपछि शरीरमा पानी हालेर शुद्ध हुने) सम्मका दमनात्मक नियमहरुको निर्माण गरी दलितहरुलाई एउटा दासका रुपमा प्रयोग गर्दै आए। दलितहरुले निर्माण गरेका चीज वस्तु प्रयोग गर्नु हुने तर उनीहरुलाई छुन नहुने, छोएको खाज नहुने जस्ता अमानविय व्यवहार हिन्दु शासकहरुले दलित माथि गरे। जस्तै : दमाईले सिलाएको लुगा लगाउन हुने, सुनारले वनाएको गहना लगाउन हुने, कामीले वनाएका भाँडाकुडा प्रयोग गर्न हुने तर विडम्बना

उनीहरुलाई छोए पनि छोडो हाल्नु पर्ने, उनीहरुले छोएको खाना खान नहुने किन ?

विभिन्न समयमा नेपाल भित्रिएका हिन्दु शासकहरुले नेपालमा रहेका विभिन्न समुदाय भित्र श्रमका आधारमा छुत अछुत व्यवस्था कायम गरे । मधेशका मधेशी समुदायभित्र, नेवार समुदाय भित्र र पहाडी समुदाय भित्र श्रमका आधारमा विभिन्न वर्गमा विभाजन गरे ।

नेतृत्व वर्गमा रहेका शासक, जमिनदार मालिक भए भने दलितहरु उनीहरुका नोकर र भुमिहिन भए । जमिनदारकोमा काम गरेर आÇनो जीविका निर्वाह गर्न र आÇनो सीपको प्रयोग गरी वस्तुहरु निर्माण गरी त्यसवापत अन्न वाली प्राप्त गरी गुजारा चलाउदै आए । नेतृत्व वर्गमा रहेका शोसकले उनीहरुको श्रम शोसण गरी दास सरह वनाएर राखे ।

ब्राह्मण क्षेत्री आर्थिक र राजनीतिक रुपमा सवल थिए भने दलितहरुलाई आÇनो हात मुख जोड्न नी समस्या पऱ्यो । यसरी ब्राह्मण क्षेत्रीले दलितलाई दमन गर्दै विभिन्न कालखण्ड विते । पछि गएर दलितहरुलाई पनि आफु दमित भएको महसुस हुन थाल्यो । त्यसपछि आÇना हक अधिकारका कुरा उठाउन थाले । उनीहरुले आÇनो अधिकारका लागि गरेका मागहरु शासक वर्गले सुने नसुने जस्तो गरी हरेक वहानामा टार्ने गर्दथे । समस्या ज्युँ का त्युँ रहिरह्यो ।

विस्तारै विस्तारै दलितहरु पनि शिक्षित हुँदै गए र आÇनो हक अधिकारको माग गर्दै आए । नेपालमा भएका विभिन्न आन्दोलनमा पनि सहभागि हुदै आए । नेपालमा २००७ साल देखि २०६२/०६३ सम्म भएका विभिन्न परिवर्तनहरुले दलितहरुको हक अधिकारको लागि संविधानमा केहि खुकुलो व्यवस्था गऱ्यो ।

नेपालको संविधानमा छुवाछुतको अन्त्य, दलितलाई अरु मानिस सरह अधिकार दिनु पर्छ भन्ने व्यवस्था भए पनि व्यवहारिक रुपमा अहिले सम्म पनि लागु हुन सकेको छैन । कानुनी रुपमा भए पनि व्यवहारिक रुपमा लागु नहुदा दलितहरु अझै पनि दमित भएर वस्न वाध्य छन् ।

विभिन्न सरकारी, नीजि तथा राजनीतिक संस्थाहरुमा दलितहरुको प्रतिनिधित्व न्युन रहेको छ । जब सम्म दलितहरुको पहुँच राजनीतिक लगाएत सरकारी र नीजि क्षेत्रमा हुँदैन तव सम्म दलितहरुलाई गैर दलितहरुले असमान व्यवहारलाई निरन्तरता दिई रहने छन् ।

दलित आन्दोलन कर्मीहरुमा एकता नभएका कारणले पनि नेपालमा दलितहरु अधिकार प्राप्ती बाट पछाडी परेका छन् । दलितहरु कुनै न कुनै राजनीतिक दलसंग आवद्ध हुन्छन् । कुनै पनि निर्णय गर्दा राजनीतिक नेतृत्वको भर पर्दछन् । नेतृत्वकर्तामा व्राह्मण क्षेत्री नै हुन्छन् । उनीहरुले दलितहरुलाई सकेसम्म पुर्ण अधिकार दिन चाहदैनन् । दलित राजनीतिज्ञहरुले जुनसुकै राजनीतिक दलसँग आवद्ध भएपनि दलित मुक्तीका लागि दलित राजनीतिज्ञहरुको एकता हुन जरुरी छ । जब सम्म दलित नेताहरु आÇनो राजनीतिक दल भन्दा माथी उठेर स्वतन्त्ररुपमा निर्णय गर्न सक्दैनन् तव सम्म दलितहरुले पुर्ण रुपमा अधिकार प्राप्त गर्न समस्या उत्पन्न हुन्छ । किन भने नेपालका शासक वर्गले सकेसम्म विभिन्न वहानामा दलितलाई पछाडी नै राख्न चाहन्छन् ।

नेपालमा जब सम्म दलितलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रुपमा अग्र स्थानमा पुऱ्याईदैन तवसम्म दलित मुक्ति केवल कितावी पानामा मात्र सीमित रहन सक्छ । दलित भनेका अलगै चालचलन, भेष भुषा भएका, विशेष स्थानमा वसोवास गर्ने, आÇनै मौलिक भाषा भएका मानिस होइनन् । यहि समाजका व्राह्मण क्षेत्रीहरु सँग उनीहरुको सम्पुर्ण चालचलन मिन्दछ । तर किन दलित र गैर दलित विचमा यति ठूलो खाडल छ ? दलितहरुपनि यहि धर्तिमा जन्मेका हुन व्राह्मण क्षेत्री पनि यहि धर्तिमा

जन्मेका हुन् , अरु कुरा सवै चल्छ,: सीप चल्छ , कला चल्छ, मनोरञ्जन चल्छ केवल चल्दैन त 'विहेवारी र पानी' किन यस्तो ?

वर्तमान परिवेशमा दलित र गैर दलित विचको विभेद केही मात्रामा हटे पनि दलितहरुले सुखको श्वास अझै फेर्न पाएका छैनन् । अझै समाजमा दविएर वस्नु पर्ने वाध्यात्मक परिस्थिति छ । किन ? वास्तवमै छुवाछुतको समस्या धेरै जटिल विषय बन्न पुगेको छ । विश्वका मानिसहरु चन्द्रमामा पुगीसके तर नेपालका मानिस अझै छुवाछुत व्यवहारमै डुवेका छन् । यस्तो किन ?

ग्रामिण र सहरी क्षेत्रमा र युवा र वृद्ध पीढीमा पनि दलित र गैर दलित बीच हुने विभेदमा फरक छ । ग्रामिण क्षेत्रका मानिस र वृद्ध पिढी छुवाछुत प्रथालाई निरन्तरता दिन खोजी राखेका छन् भने सहरी क्षेत्रका मानिस र युवा पिढी समान्ता तिर उन्मुख भईरहेका छन् (आहुती, २०६७) ।

## १.५ अध्ययनको सीमा

यस अध्ययनमा डोटी जिल्लाको लक्ष्मीनगर गा.वि.स. वडा नं. ५ का दलित र गैर दलितहरूको अध्ययन गरिएको थियो । दलितका १२ घरधुरी र गैरदलिका पनि १२ घरधुरी अर्थात् दुवै गरी जम्मा २४ घरपरिवारको मात्र अध्ययन गरिएको थियो । दलित र गैर दलितलाई यस अध्ययनको मूलरूपमा समावेश गरिएको थियो । यो अध्ययन एक सानो समाजशास्त्रीय अध्ययन भएकाले नेपालभरिका सबै गैर दलित एवं दलितहरु अध्ययनसँग सामान्यीकरण हुन सक्दैन ।

## १.६ अध्ययनको महत्व

अनुसन्धान आफैंमा महत्वपूर्ण विषय त छँदै छ । त्यसमा पनि हाम्रो जस्तो विविधता जात-जाति धर्मकर्म, संस्कार-संस्कृति र विषम मान्यता बोकेको भेदभावपूर्ण

अवस्थाहरू रहेको समाजमा दलित र गैरदलित तथा छुत-अछूतको टड्कारो समस्या विद्यमान छ । एउटै समाजमा मानिसहरूको यस विभाजनले नेपाली समाजको सभ्यता र विकासमा शुरुदेखि आजसम्म सहज निकास पैदा गर्न नसकेको बुझिएको छ । अग्रगामी विकासका लागि समाजमा विद्यमान जडता तथा गलत प्रवृत्ति एवं मनोवृत्तिलाई पन्छाएर सङ्लोपनका साथ चेतनाले लैस नभए विना तथा बिग्रीरहेका र उल्झन बनिरहेका अवस्थितिहरूमा सुधार र परिवर्तन नगरे विना समाजले कुनै गति लिन नसक्नुका साथै समाजको विकाससमेत निरर्थक हुनजान्छ ।

नेपाली समाजमा इतिहासदेखि नै छूत-अछूत र दलित-गैरदलित जातीय असमानताको हीनभाव कायम छ । दलित र गैरदलित विचको विभिन्न अवस्थाहरू र सम्बन्धलाई ऐतिहासिक रूपले नै केलाएर वर्तमानका सन्दर्भहरूलाई जाँचबुझ गरी भावी समाजका लागि दिशाबोध गर्नु अत्यन्त महत्वपूर्ण छ । यसै औचित्यका लागि पनि यो अध्ययन गर्न आवश्यक ठानिएको हो ।

परिच्छेद : दुई

# पूर्व साहित्य समीक्षा

## २.१ पूर्वसाहित्य समीक्षा

अनुसन्धान गर्दा सम्बन्धित विषयमा जानकारीमा आइसकेका विचार र मान्यतालाई जानकारीमा राखेर नै अरू नयाँ मान्यताहरूको खोजी र विकास गर्न सकिन्छ । वास्तवमा नयाँ नयाँ मान्यता र विचारहरूको विकास गर्नु नै अनुसन्धानको मूल मर्म हो ।

पृथ्वीको बनोट, धरातलीय अवस्था, जलवायु र मौसमका विभिन्नताको फेरले गर्दा भिन्दा भिन्दै कटिबन्धमा विकसित भएका मानवहरूको कद, रङ्ग, भाषा, धर्म र मान्यताहरूमा स्वाभाविक रूपमा भिन्नता हुन गयो र यसले मानिसहरूमा सामान्यतया मंगोल, निग्रो, ककेशियन, नेपाली, अमेरिकन, इण्डियन, हिन्दू, मुसलमान, क्रिश्चियनजस्ता भिन्नताहरू ल्यायो । तर यी सबै पनि जातीयता होइनन् भनिन्छ । “जाति भनेको कुनै नश्लीय र प्रजातीय समुदाय होइन, बरू ऐतिहासिक दृष्टिले स्थापित स्थिर जुन-समुदाय हो ।”

अतः स्तालिन भन्दछन् : “जाति भनेको एउटा साझा भाषा, इलाका, आर्थिक जीवन र साझा संस्कृतिमा व्यक्तिएको मनोवैज्ञानिक स्वरूपको आधारमा निर्मित एक ऐतिहासिक रूपले स्थापित स्थिर जन समुदाय हो । अर्को कुरा के भने उपर्युक्त विशेषताहरूमध्ये एउटाको मात्र अभाव भएमा जाति बन्दैन” (स्तालिन, १९२९ : ५) ।

यसरी जाति निर्माणमा आवश्यक मूलभूत, तत्वहरू साझा भाषा, इलाका, आर्थिक जीवन, साझा संस्कृति, साझा मनोवैज्ञानिक स्वरूप र ऐतिहासिक रूपमा स्थापित भएर स्थिर रहन अनिवार्य मानिन्छ। यसरी नै जातिको उत्पत्ति हुन्छ भनिएको छ ।

दलित र गैरदलित जातिको उत्पत्ति एवं निर्माण माथिको परिभाषा र विश्लेषणभन्दा नितान्त फरक कुनै एउटा सजीव र सक्रिय जाति नभएर भारतीय आर्यदर्शनको अवैज्ञानिक नैतिक अभीष्टका रूपमा प्रतिपादित वैदिकशास्त्रसँग सम्बन्धित छ । जसको व्याख्या यसप्रकार भएको छ । जुन इ.पू. १५०० वर्ष अगाडि भएको मानिएको छ र यसलाई वर्ण-व्यवस्था (धर्म) भनिएको छ ।

जस्तै : "ब्राह्मणो ऽ स्य मुखमासीद्बाहु राजन्यःकृतः

उरु तदस्यजद्वैश्यः पदभ्यां शूद्रोऽ जायत ।"

(अर्थात् - परलौकिक सृष्टिकर्ता-ब्राह्मणको मुखबाट ब्राह्मण (ब्राह्मण) को जन्म भयो, हातबाट क्षत्रियहरूको, जाँघबाट वैश्य र खुट्टाबाट शूद्रहरूको जन्म भयो ।) र यसप्रकार जातको उत्पत्ति भएको ठानियो । यसै प्रसङ्गलाई श्रीमद्भागवद् गीतामा भनिएको छ -

"चातुर्वण्य मया सृष्टं गुण कर्मविभागशः"

(अर्थात् : मैले गुण कर्मका आधारमा चार वर्णका मानिसहरूको सृष्टि गरेको हुँ ।)

यसरी चारवर्ण अर्थात् ब्राह्मण (ब्राह्मण जाति) क्षत्री जाति, वैश्य जाति, शूद्र जातिको उत्पत्ति एवं निर्माण भएको भन्ने हिन्दूशास्त्रीय उल्लेख छ ।

यसरी निर्माण गरिएका जातिहरूमा श्रमविभाजन गरिएको पाइन्छ ।

१. बौद्धिक काम गर्ने ब्राह्मण ।

२. सैनिक र शासकीय काम गर्ने क्षत्रीय ।

३. पशुपालन, खेती र बन्द-व्यापार गर्ने वैश्य ।

४. कठिन श्रम, शिल्पकारी र सेवाको काम गर्ने शूद्र ।"

(प्रश्रित, २०५८ : १७)

यसरी हिन्दूवर्ण धर्मले निर्माण गरेका ४ जाति मध्येका शूद्र जाति मध्येको परियार जाति पनि एक हो, जसअनुसार शूद्र तल्लो जाति र ब्राह्मण (ब्राह्मण) उपल्लो जाति भनिएको छ । यस प्रकारको जातिय विभाजन, श्रम-विभाजनबाट भएको भन्ने तर्क पनि रहेको छ, जुन माथि नै स्पष्ट भएको छ । यसरी नै वर्ण र गुणको आधारमा, गुण जस्तै सत्व गुण, रज गुण र तम गुणका आधारमा पनि वर्ण वा जातको विभाजन गरिएको छ । गीतामा वर्णको उत्पत्ति "कर्मवादी सिद्धान्त  अथवा पूर्व जन्ममा राम्रो कर्म गरेमा उच्च वर्णमा र नगरेमा निम्नमा जन्म हुन्छ" भन्ने वर्णन गरेको छ (दाहाल र खत्री, २०५५ : ४०) ।

"आर्यहरू हिन्दूस्तानमा आएपछि नयाँ प्रश्न खडा भयो । जुन राष्ट्रिय र राजनीतिक दुवै  थिए । हारेका द्रविड जातिको सभ्यताको एउटा लामै पृष्ठभूमि थियो, तर आर्यहरूले उनीहरूभन्दा आफूलाई धेरै उच्च सम्झन्थे र उनीहरूको बीचमा एउटा ठूलो दरार थियो । फेरि अरू पिछडिएका आदिम जाति जो जङ्गलमा बस्थे वा घुमन्ते थिए । जातिहरूको यही कसमकस र आपसी प्रतिक्रियाबाट वर्ण व्यवस्थाको आरम्भ भयो (नेहरू, १९४७ : ४२) ।

जेहोस् आज करिब २२-२३ वटा थरका यस्ता मानिसहरू छन्, जसलाई दलित भनिन्छ र स्पष्ट रूपमा अछूत भनेर बुझिन्छ । अछूत जनसमुदायलाई दलित शब्दको प्रयोग गर्ने भारतीय नेता डा. भीमराव अम्बेडकर थिए । उनले दलित जातिको परिचय दिँदै भनेकाछन् - "वर्ण व्यवस्थाअन्तर्गत आर्थिक रूपले शोषित, अनि सामाजिक रूपले अपहेलित (अछूत) मान्छेहरू नै दलित हुन्" (समानता, २०५४ : १) ।

डा. डि. प्रेमपतिका अनुसार- "दलित कुनै जातिको नाम नभएर सामाजिक उत्पीडन र आर्थिक शोषणको एक पारिभाषिक शब्द हो" (समानता, २०५४ : ११ : १२) ।

यसै गरी दलितका बारेमा विद्वान्हरूको आ-आफ्नै मत पनि रहेको छ। जस्तै : "वाटरगार्ड, १९९५, राइटर (१९९४), अग्वुर (१९८६) ले भन्ने गरेको न्यूनतम व्यक्ति मात्र हैनन् जो आर्थिक रूपले विपन्न छन् । ती त स्टीफन फूचस (१९८१) र बोराले (१९८०) ले भने झैं अपहेलित एवं तिरस्कृत व्यक्तिहरूको समूह हो । ओलिन राइट (१९९४) ले भनेको 'आज्ञाकारी समूह' हो वा मनुस्मृतिको आधारमा केटकरले देखेझैं "वर्णसङ्करको समूह तात्कालिक सामाजिक, धार्मिक रिवाज अनुसार नचल्ने एउटा तप्का हो । सामाजिक दण्ड पाएको समूह हो, दास भएर बाँचेका पुर्खाका सन्तति हो । वा "वर्णाश्रममा नपारिएको पञ्चम वर्ण" (शाह, १९९४) हो (कोइराला, २०५४ : १४) ।

"जेहोस् सामाजिक असमानता हुनु एउटा निरन्तर क्रम हो । यो निरन्तरतालाई काट्ने सम-सामयिक राजनैतिक, शैक्षिक वा अन्य कुनै उपायको अभाव हुँदा यो असमानता अझै बढ्दै गएको हो । यसरी बढ्ने क्रमलाई अझ धार्मिक, सामाजिक वा राजनैतिक चिन्तकका अनुदार नियम कानूनले विस्तारित गरेको छ । परिमाणतः समाजका अनेक तप्काहरू छूत, अर्धछूत र अछूत हुँदै गएका छन् । दलितको निर्माण यसै प्रकृयाअन्तर्गत भएको हो" (ऐ ऐ ) ।

यसरी जो जसले जसरी बुझे पनि दलित जाति एकसाथ सबै वा जुनसुकै कुनै न कुनै स्थिति र रूपबाट पीडित छ । यो समस्या हो नेपाली समाजमा विद्यमान सामाजिक विशेषताको रूपमा ।

यसरी नै ब्राह्मणका सम्बन्धमा भनिएको छ - "ब्राह्मण जन्मदेखि नै पृथ्वीका समस्त जीवहरूमा श्रेष्ठ हुन्छ । ऊ समस्त प्राणीको ईश्वर हो र धर्मको खजनाको रक्षक हो" (मनु ९/ २१७) (पाण्डे, २०६३ : ८०) ।

यसबाट के स्पष्ट भएको छ भने ब्राह्मण सर्वोच्च मानवजाति हो । उ ब्राह्मण हो । संसारको सृष्टिकर्ता देव र देवता हो । यस हिसाबले बैदिक धर्मदर्शनले ब्राह्मणलाई इहलोकको मानव भन्दा माथिको कल्पित सृष्टिकर्ता देवका रूपमा उल्लेख गरेको छ, भने

परियार सबैभन्दा तल्लो शूद्र (नीचो) जाति उत्पीडन गर्नुपर्ने, दमन र पीडा दिनु पर्ने अधिकार र हैसियत एवं मानवताबाट पूरै वञ्चित गर्नुपर्ने जाति हो भनिएको छ, जसलाई आज दलित जाति भनेर चिनिन्छ, बुझिन्छ ।

राष्ट्रिय दलित आयोगको स्थापना गर्न बनेको विधेयक २०५९ मा दलितको परिभाषा यसरी गरिएको छ । "दलित समुदाय भन्नाले जातीय भेदभाव छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको र अनुसूची - १ मा उल्लेखित जात र समुदायलाई जनाउनेछ" (पाण्डे, २०६३: १४८) ।

अतः दलित भनेपछि सबै प्रकारले हेप्न-चेप्न मिल्ने र हेपाइ-चेपाइ भोग्न विवश पारिएको र अछूतको स्तरसम्म झारिएको वा समाज बहिष्कृत गरिएको जनसमुदायलाई बुझिन्छ ।

यस सन्दर्भलाई अनुभूति गर्दै आहुति भन्दछन् - "संसारमा देखापरेका सबै जातीय समस्याहरूमध्ये "छुवाछूत" सबैभन्दा क्रूर र मानवीय सत्वलाई हीनताग्रस्त बनाउने समस्या हो । यो देख्दा सामान्य लाग्ने तर अनुभूति गर्दा र भोग्दा अत्यास लाग्ने समस्या  हो । दलित (परियार, सार्की, कामी) हुनु भनेको अधिकारबाट वञ्चित हुनुमात्रै होइन, अमानवीयतालाई स्वीकार्न प्रशिक्षित गर्ने मनोवैज्ञानिक विघटनको प्रकृयामा सामेल हुनु पनि हो । यस प्रक्रियामा सामेल भएपछि एउटा दलितले आफूले भोगेका अधिकारहरू उच्च जातहरूको 'दया' ठान्न थाल्दछ र दलितलाई प्रदान गरिएका अवसरलाई उच्च जातको भलाद्मीले पनि 'उपकार' ठान्दै जान्छ (आहुती, २०६० : ५) ।

यस प्रकारले दलित-गैरदलित सन्दर्भले एउटा जातपातको रूपमा जनिने युगौं लामो समाजको वर्ग निषेधको वर्गीय स्वरूपलाई स्पष्ट गर्दछ ।

## २.२ दलित-गैरदलित सम्बन्ध

पूर्व साहित्यको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने संसारका सबै चिज वस्तुहरू आपसमा सम्बन्धित भए झैं दलित र गैरदलित पनि आपसमा सम्बन्धित छन् । एकअर्कामा निर्भर छन् र यो एक सापेक्षित सम्बन्ध हो । यस्तो सम्बन्ध निर्जीव-निर्जीवबीच, जीव र जीवबीच, निर्जीव र सजीवबीच तथा जन्तु जन्तुबीच, जन्तुजगत् र मानवजगतबीच, वातावरण र वस्तुबीच एवं मानवबीच तथा मानव र मानवबीच आफू र अरूबीच जहाँ-त्यहाँ सबैमा हुने गर्छ । यो द्वन्द्वको परिणाम हो । किनभने "द्वन्द्व भन्नु नै पदार्थको सबभन्दा भित्री तहमा हुने अन्तरविरोध हो ।" (लेनिन, २६३) अन्तरविरोधी अवस्थाका तत्वहरू र परिणामहरूका बीचको संघर्ष र सम्बन्ध नै सृष्टि हो । यसरी द्वन्दवादी दृष्टिकोणले हेर्दा यही द्वन्द्व र सम्बन्धको सापेक्षतामा नै संसारको सृष्टि भएको तथ्य स्पष्ट भएको छ । यस सम्बन्धमा एंगेल्स भन्दछन् "प्रकृति द्वन्द्ववादको परीक्षा हो । ....... प्रकृतिको प्रक्रिया द्वन्द्वात्मक हो र आध्यात्मिक होइन" (श्रेष्ठ, २०४० : ६) । यसबाट के स्पष्ट हुन्छ भने कुनै पनि चीज, वस्तु र तिनका अवस्था एवं परिणामहरू होउन् तीनैसँग सम्बन्धित, अन्य चीजवस्तु र अवस्थाका सापेक्षित परिणाम भएझैं दलित गैरदलितको सम्बन्ध पनि निश्चितै रूपमा यही सापेक्षताको परिणाम हो । अर्थात् दलित भएर त गैरदलित भए अथवा दलित नभए गैरदलित हुने थिएनन् । यसैले दलित हुनुको परिणाम नै गैरदलितको कारण हो भन्ने स्पष्ट हुन्छ । यसैका आधारमा गैरदलित सम्बन्धलाई बुझ्न सकिन्छ ।

दलित-गैरदलित सम्बन्ध उल्टो छ । त्यसैकारण यो सम्बन्ध सापेक्षित छ । तर त्यस सापेक्षतामा हुनुपर्ने समानता, अभाव र असमानताको दरमा भएको विकासले कम्तीमा पनि मानवीयतामा नै खलल पुऱ्याएको छ । जसले गर्दा यो असमान सम्बन्धहरू कमजोर सावित भएका छन् र यस्ता असमान सम्बन्धहरू दलितलाई त के गैरदलित स्वयंलाई पनि गलपासो बनेको छ । कारण के भने आज ब्राह्मण वा अन्य गैरदलित र दलित सबै हिजोका वैदिक युगका परलौकिक सृष्टिदेव र इहलौकिक मानव होइनन् । यी सबै धेरै हद र युगीन पछाडिका आजको बदलिँदो भौतिक र वैज्ञानिक युगका मानव हुन्

। त्यसैले अब पुराना असमान सम्बन्धहरू र अस्तित्वहरूलाई थेग्न सकिने अवस्था रहँदैनन् र त्यसलाई  तुरुन्त बदल्नुपर्ने भौतिक स्थितिहरू देखापरिसकेका छन् ।

यद्यपि नेपाली समाजमा दलित समस्या गैरदलितहरूमा अन्धजातिवाद ९ऋजयगखष्लष्क०  को रूपमा विकास भएकाले अहिले पनि उनीहरूबीचको सम्बन्ध मानवीय शोषणको रूपमा छ  र यसको अन्त्य तब नै गर्न सकिन्छ जस्तो कि मार्क्स र एंगेल्सले भन्छन् - “जुन अनुपातमा एक व्यक्तिद्वारा अर्को व्यक्तिको शोषणको अन्त्य हुन्छ, त्यही अनुपातमा एकजातिको अर्को जातिद्वारा शोषणको पनि अन्त्य हुन्छ” (मार्क्स, एंगेल्स, १८४८ : ५५) ।

## २.३  सैद्धान्तिक आधार

समाजलाई हेर्ने वा व्याख्या गर्ने धेरै नै सैद्धान्तिक दृष्टिकोण विकास हुँदै आएका छन् । जातजातिको उत्पत्ति र निर्माणलाई हेर्ने दृष्टिकोण पनि विभिन्न किसिमका रहेका छन् । जसमा १. शास्त्रीय दृष्टिकोण र २. भौतिकवादी दृष्टिकोण नै मुख्य छन् । नेपाली समाजको शास्त्रीय जातिवादी व्याख्या बौद्धिक दर्शन र वेद पुराणहरू नै हुन् । जसलाई आर्य दर्शन पनि भनिएको छ । जस अनुसार मानिसहरूलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र भनी क्रमशः उनीहरूका काम, पेशा र स्तर एवं हैसियतको विभाजन कायम गरिएको छ । जस्तो ब्राह्मणको मुखबाट ब्राह्मण, हातबाट क्षत्री, जाँघबाट वैश्य र खुट्टाबाट शूद्रको जन्म भएको र सोहीमुताविक रहन सहन, काम पेशा र खटनपटन मिलाइएको हिन्दू वर्णव्यवस्था जसबाट पछि ३६ जातिहरूको निर्माण हुँदै गएको मानिन्छ । अद्यपि नेपाली समाजको बनोट र व्यवस्था झण्डै त्यस्तै रहेको पाइन्छ । तर आधुनिक भौतिकवादले वस्तुगत र यथार्थ दृष्टिकोण राख्दछ र यसै आधारमा समाज र जातजाति र उनीहरूको सम्बन्धको व्याख्या गर्दछ । यसमा पनि मार्क्सवाद, संरचनात्मक-प्रकार्यवाद, प्रसारवाद, सामाजिक जीवशास्त्र, लोकविधि विज्ञान, विकासवादजस्ता थुप्रै सिद्धान्तहरूको विकास भएका छन् र सम्भवतः यी सबै दृष्टिकोणबाट यस जातीय समस्यालाई बुझ्न सकिने

भए तापनि यस अध्ययनमा दलित-गैरदलितको समस्यालाई मार्क्सवादी संरचनाको अवधारणाबाट हेरिएको छ ।

डोरबहादुर विष्टले आफ्नो पुस्तक त्जभ एभयउभि या ल्भउबर्ा ९ज्ञढडण्० मा केही अछुत जातिको बारेमा उल्लेख गरेका छन् जसमा उनले कार्यको आधारमा विभाजन गरी तराईका अछुतहरुको बारेमा पनि उल्लेख गरेका छन् । त्यसैगरी ज्ञानु क्षेत्रीले तयार पारेको सोधपत्र (१९८५) मा पहाडे दलित मानिने गाइने सम्बन्धि उल्लेख गरिएको छ । उनले यस दलितलाई गीत गाउने पेशा अँगालेको जाति हो भनी उल्लेख गरेका छन् । सामाजिक विकास र सामाजिक न्यायलाई कसैले एक अर्काको पूरकको रुपमा र कसैले दुई भिन्न विषयको रुपमा पनि लिएको पाइन्छ । सामाजिक विकास मूलतः सामाजिक अग्रगमनको सन्दर्भमा के गर्ने भन्ने कुरामा बढी केन्द्रित रहेको पाइन्छ भने सामाजिक न्यायले कसका  लागि गर्ने भन्ने विषयतर्फ ध्यान आकृष्ट गर्दछ ।

मार्क्सवादी व्याख्या अनुसार “मानव समाज परिवर्तनशील हुन्छ र यो परिवर्तन परिमाणात्मकबाट वृद्धि हुँदै गुणात्मक तरिकाले हुने गर्दछ । जुनसुकै वस्तुमा पनि अन्तरविरोध हुन्छ र त्यसभित्र रहेको अन्तरविरोधबाट नै त्यसको नास वा पतन हुन्छ । समाजमा सिमित श्रोत र साधन हुने गर्दछ जसमा पहुँच जमाउन दुई वर्गबिच द्वन्द्व रहेको हुन्छ” मिश्र (२०६२:३८) । परिवर्तन र इतिहास सरल रुपले विध्न बाधा ठक्कर, कलह, वाह्य बिरोध र अन्तरविरोध बिना प्रभावित हुँदैन । व्यक्ति व्यक्ति देखि वर्ग र विश्व तहको धर्म सम्प्रदाय देखि विज्ञान सम्मको, विचार देखि व्यवहार सम्मको, शान्ति देखि युद्धसम्मको द्वन्द्व पार गर्दै परिवर्तन र इतिहासको निर्माण हुन्छ । लय उप्रेतीको ( २०००) को लेखमा स्थानिय जनता संलग्न भई व्यवस्थापन गरेको सिंचाई कार्यक्रम सफल भएको देखाएका छन् । स्थानीय समुदायले व्यवस्थापन गर्दा त्यसमा आफ्नो भन्ने भावना विकास हुन्छ तथा समतामूलक तरिकाले स्रोतको बाँडफाँड हुन्छ । यसबाट पनि सामुदायिक एकता र सहकार्य समाज विकासको लागि अनिवार्य देखिन्छ ।

आहुती (२०६० : ४८७) राजा पृथ्वीनारायण शाहको नेतृत्वमा स्थापित हिन्दु धर्मीय खस जातीय अहंकारवादमा आधारित सामन्ती सत्ताले नेपालका सम्पूर्ण जाति जनजातीमाथि आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक शोषण र उत्पीडन सुरु गऱ्यो । दलितहरुको आर्थिक जीवन त यसै पनि कष्टकर छदै थियो, त्यसमाथि उनीहरु प्रतिको सामाजिक भेदभाव चर्को भयो । एउटा ब्राह्मण वा क्षेत्रीलाई भाउजुसंग यौन सम्बन्ध राखेमा जेल राखिन्थ्यो तर शुद्रलाई काटिन्थ्यो । शाहवंशीय सामन्ती शासनप्रणाली अन्तर्गत प्रधानमन्त्री भीमसेन थापा (वि.स.१८७३-९६)ले 'छुवाछुत'लाई अझ व्यवस्थित पार्ने कामलाई अघि बढाए भने जंगबहादुर राणाले सत्ता हातमा लिएपछि वि.सं. १९१० मा मुलुकी ऐन जारी गरी पहिले देखि "अछुत" बनाइएका दलितहरुलाई पानी नचल्ने जातका रुपमा कानुनी छाप लगाइदिए र त्यही अनुसारको दण्ड सजायको व्यवस्था गरे । यसबाट के तथ्य थाहा पाउन सकिन्छ भने दलित र अन्य जातिभित्र रहेको सामाजिक सम्बन्ध बिचमा परिवर्तन पूर्ण रुपमा हुन नसके पनि परिवर्तनको सुरुवात यहाँबाट पनि हुन थालेको तथ्य थाहा पाउन सकिन्छ ।

आहुती (२०६० :४८८) सिराहा जिल्लाको लहानमा उच्च जातिको घरमा मरेको सिनु नफाल्ने निर्णयमा पुगेका चमार जातिबिरुद्ध उच्च जातिका मानिसहरुले २०५९ चैत ११ देखि सार्वजनिक सूचना जारी गरेर चमार (दलित) जातिलाई सामाजिक बहिस्कार गर्ने घोषणा गरे । त्यसपछि चमारहरुमाथि अरुको जग्गामा टेक्न नपाउने सार्वजनिक पोखरी, इनार र धारा प्रयोग गर्न नपाउने जस्ता बन्देज लगाएर जातीय आतंक श्रृजना गरे ।

संस्कृति राम्रा नराम्रा दुवैखाले सामूहिक चेतना र व्यवहारको समष्टिगत रुप हो । त्यसकारण यसभित्रका उपयोगिता गुमाइ सकेका कुरा हट्ने र नयाँ विषय समावेश हुने क्रमशः संस्कृतिले सापेक्ष परिमार्जन पाउँछ । संस्कृतिको व्यापक अर्थ र परिधिभित्र मूल्य र मान्यताहरु, चलन प्रथाहरु भाषा धारणाहरु, विश्वासहरु, रीतिरिवाजहरु (क्यगतज ऋयफष्लककष्यल ज्ञढढद्द ज्ञघज्ञ) र सामाजिक जीवनका पक्षहरु समाहित छन् ।

आहूति (२०६०:४७५) दक्षिण एसियामा रहेका हिन्दू धर्मीय वा हिन्दू धर्मद्वारा प्रभावित विभिन्न जातीय समूहहरुभित्र, रंग जाति, धर्म एउटै हुँदाहुँदै पनि संस्कृति र परम्परा एउटै हुँदा हुँदै पनि ती हरेक समुदायका दलितहरुबाट आफ्नै भूमिको दार्शनिक ज्ञानबाट बन्चित गरी आफ्नै भूमिको सभ्यता भोग्नबाट बन्चित राखियो, आफ्नै आस्थाको मन्दिर प्रवेशमा र धर्म र परम्पराका कयौं अनुष्ठानहरुमा बन्देज लगाइयो । समाजको सबैभन्दा फोहोर र सबैभन्दा कठिन पेशाहरु उनीहरुकै वंशमा थोपरियो । तर सबै अधिकारबाट भने सँधै बन्चित राखियो । संसारका थुप्रै परिवर्तनका हुरीहरु आए । तिनले थुप्रै उत्पीडित जातिहरूलाई मुक्त पार्दै गए तर, एक्काइसौं शताब्दी सम्मको मानव मुक्तिका सहयात्राले समेत दलित हरुलाई मुक्त र सम्मानित मानव जीवन दिन सकेन । दलितहरुभित्र पनि आन्तरिक विभेद छ । एउटा जातको मानिसले अर्को जातको मानिसलाई तल्लो जात भन्छन् । यसैसँग मिल्ने एउटा कथा के छ भने, 'सर्पले भ्यागुतो खाइरहेछ, तर भ्यागुतोले पनि लामखुट्टे खान छाड्दैन ।' यसबाट के बुभिन्छ भने, हाम्रो देशमा ठूला बडाले जे गर्छन्, त्यही नै सही हो, दलितहरुले पनि के सोचे भने अब हामीले पनि जातीय विभेद गर्नुपर्छ । त्यसैको दुष्परिणाम हो यो । (नयाँ नेपालमा दलित, पेज-९८) यसरी सैद्धान्तिक रुपबाट नै विभेद विकास भइसकेको छ । यस्तै संस्कारको अन्त्य गर्न समाजमा लामो समय कुर्नु पर्दछ ।

डोरबहादुर बिष्ट २०५५ को "सबै जातको फुलवारी" भन्ने पुस्तक पनि संरचनात्मक प्रकार्यत्मक ढाँचामा आधारित रहेर लेखिएको पुस्तक हो । यसमा बिष्टले सिङ्गो नेपाली समाज भित्रका विभिन्न जातको बारेमा उल्लेख गरेका छन् । यसमा एउटा जात, एउटा भाषा, एउटा धर्म मात्र छैन यहाँ फरक-फरक मुल्य, मान्यता, संस्कृति लिएका मानिसहरु बस्दछन् । नेपालमा ब्रह्मण, क्षेत्री, राई, लिम्बु, शेर्पा, मगर, थारु, नेवार, थकाली आदि विभिन्न जातजातिहरु छन् । यी जातिहरुले फरक-फरक रितीरिवाज, चाडपर्व एवं संस्कृतिक अभ्यास गरेपनि यिनीहरुको एक आपसमा अन्तरसम्बन्ध छ भन्ने कुरा यस "सबै जातको फुलवारी" पुस्तकमा प्रस्ट्याइएको छ ।

त्यस्तै गरी अध्ययन गरिएको दलित र गैरदलितको सामाजिक र आर्थिक सम्वन्ध पनि संरचनात्मक प्रकार्यात्मक सिद्धान्तमा आधारित रहेर गरिएको छ । यसमा समाजमा विभिन्न जातजाति दलित र गैरदलित भए पनि एकता कायम गरी एक अर्कामा श्रमको आदान प्रदान गरी एउटा  सम्पूर्ण संरचना ९ध्जयभि क्तचगअतगचभ० तयार गरी बसि रहेका छन् । यसको सथै कहिले काही यिनीहरुमा एकता कायम हुदा हुदै पनि अनेकता उत्पन्न हुन सक्छ तर पनि समग्र संरचनामा कुनै उथलपुथल आउँदैन हरेक अगं चार्डपर्व, शिक्षा, स्वास्थ्य, धर्म आदिले विघटन गर्नें किसिमले नभएर प्रणाली संरचना कायम राख्ने किसिमले प्रकार्य गदर्छ । माक्स ९:बचह० का अनुसार ब्न्ब हुन्छ ब्न्ब बिना परिर्वतन हुदैन् भन्छन तर यसले समाजमा ब्न्ब बिना नै स्वभाविक परिर्वतन प्रकिया कायम हुन्छ भन्ने तर्क राख्दछ । यस शोधपत्रमा पनि दलित र गैरदलित बीचमा समाजमा विभिन्न प्रथा छुवाछुत प्रथा कायम भएपनि त्यस समाजका दलितहरु र गैरदलितहरुमा मेलमिलाप पनि पाइन्छ जुन श्रम गर्दा बढी छ जसका कारण हामी के भन्न सक्छौं भने ब्न्ब बिना पनि समाज अगाडी बढ्न सक्छ समाजमा विभिन्न प्रकट र अप्रकट कार्यभई नै रहेको हुन्छ । एउटा सिङ्गो समाज बन्न समाजका विभिन्न भागहरु मिलेर बनेको हुन्छ जसका कारण समाज राम्ररी अगाडी बढ्न सहयोग गर्दछ ।

यसरी पहिलाका दलितहरुको वारेमा र अहिलेको दलितका वारेमा अध्ययन गर्दा धेरै कुरा रहनसहन, आर्थिक, सामाजिक, राजनैतिक हरेक कुरामा फरक र विकास भएको पाइन्छ । उनीहरु आज आफुलाई दलित भन्न पनि रुचाउँदैनन् । यस ठाउँको वारेमा अध्ययन गर्दा अनुसन्धान कर्ताले दलितलाई समाजका अछुत वर्ग भनेर हेला गर्ने र हेप्ने प्रवृति भए पनि अवसर पाए उनीहरुले पनि राम्रो काम गर्न सक्छन् । भन्ने कुरा थाहा हुन आएको छ ।

## परिच्छेद : तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक दुवै विधिलाई अपनाइनेछ । जसमा तथ्याङ्कका स्रोत, तथ्याङ्कको प्रकृति एवं तथ्याङ्क सङ्कलनका साधनहरू निम्नानुसार हुने रहेका छन् ।

### ३.२ तथ्याङ्कको स्रोत तथा प्रकृति

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतहरूबाट तथ्याङ्क एवं सूचना सङ्कलन गरीएको छ । प्राथमिक स्रोतमा कार्यक्षेत्र सर्वेक्षणबाट संकलन गरिएको थियो । प्राथकि श्रोत अर्न्तगत अर्न्तवार्ता प्रशनावली विधिको प्रयोग गरिएको थियो भने द्वितीय स्रोतमा सम्बन्धित विषयका सरोकारवाला निकाय, विभिन्न संघ संस्था, लअध्ययन संग सम्वन्धित लेखरचना, पुस्तक, पत्र पत्रिका र शोधपत्रमा आधारित रही तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३ नमुना छनौट

यस अध्ययनमा डोटी जिल्लाको लक्ष्मीनगर गा.वि.स.को वडा नं. ५ लाई अध्ययन क्षेत्रको रुपमा  लिइएको थियो ।

लक्ष्मीनगर गा.वि.स. वडा नं ५ धनरासका दलित र गैर दलित जम्मा ८४ घरधुरीमध्ये अध्ययनका लागि छनौट गरिएका १२/१२ घरधुरीबाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४ अनुसन्धान क्षेत्रको छनोट

अनुसन्धान कार्यलाई क्रमबद्ध रुपमा अगाडी वढाउनका लागी सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनोटको आवश्यकता पर्दछ । यस शोधको अध्ययन क्षेत्रको रुपमा लक्ष्मीनगर गा.वि.स. वडा नं. ५ लाई लिइएको थियो । उक्त गाविसलाई छनोट गर्नुको पछाडी निम्न कारणहरु छन ।

यस अध्ययन क्षेत्रको क्षेत्र, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको लागी चिरपरिचत क्षेत्र भएकोले, यो भन्दा अगाडी त्यो ठाँउमा यही शिर्षकमा अरु कसैले अनुसन्धान नगरेकोले, अरु वडाको तुलनामा यस वडामा दलितहरुको वस्ती बढी भएकोले ।

३.५ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानमा स्थलगत अध्ययन गरी अवलोकन र अर्न्तवार्ता अपनाइएको थियो । अनुसन्धान कार्यमा तथ्यांक संकलन विधी महत्वपुर्ण विधीको रुपमा लिन सकिन्छ ।

३.५.१ अवलोकन

यस अध्ययनको प्रस्तावनामा प्रस्तावित उद्देश्यलाई प्राप्त गर्न सहयोग पुग्ने उद्धेश्य लक्षित समुदाय तथा अध्ययन गरिने दलित र गैर दलितसँग उनीहरुका विभिन्न कार्यक्रमहरुमा प्रत्यक्ष सहभागी भई अवलोकन गरिएको छ । दलित र गैरदलितले गर्ने सामुहिक कार्यक्रम, वनको वैठक, खानेपानीको वैठक, वडाको वैठक, विव्यसको वैठक, विभिन्न मेला, चाडपर्व, विवाह आदिमा सहभागि भई १ महिनासम्म गैर दलित र दलित बिचको सम्बन्ध र विभेद के-के कुरामा छ भनेर अवलोकन गरिएको छ । जस्तैः वडाको वैठकमा सहभागी भई वडाको वैठकमा दलित र गैरदलित कस्को सहभागिता कति छ, निर्णय लिदा कस्को वढी हालीमुहाली हुन्छ, कुनै योजना माग गर्नु पर्दा कुन समुदायलाई लक्षित गरेर माग गरिन्छ, वैठकमा वस्दा कसरी वसेका छन्, चिया नास्ता खाँदा सँगै मिलेर खान्छन् कि अलग-अलग खान्छन् इत्यादी कुराको अवलोकन गरिएको छ ।

अवलोकन विधीबाट अनुसन्धान कर्ताले आफुले देखेको तथा अनुभव गरेको तथ्यांक संकलन गरिने हुँदा यो विधीको प्रयोग गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता

यस अध्ययनमा दलित र गैर दलितहरूको. जातिगत अवस्था र पारस्परिक सम्बन्धलाई हेर्न आवश्यक पर्ने सम्बन्धित तथ्याङ्क एवं जानकारी प्राप्त गर्न अन्तर्वार्ता पद्धति अपनाईएको थियो । अर्न्तवार्ता असंरचित प्रकारको थियो । उत्तरदाताको उत्तर अनुसार र उत्तरदाताको उत्तर दिने क्षमता अनुसार प्रश्न गरिएको थियो । फरक-फरक व्यक्तिलाई फरक-फरक प्रश्न सोधिएको थियो । अर्न्तवार्ता लिदाको वातावरण अनुसार कति प्रश्न सोध्ने भनेर निर्धारण गरिएको थियो । अर्न्तवार्ता लिदा दलित र गैर दलितलाई अवस्था हेरी फरक-फरक प्रश्न सोधिएको थियो । जस्तै : दलित उत्तरदातालाई प्रश्न सोध्दाः तपाईलाई गैरदलितले कस्तो व्यवहार गर्दछन् ? तपाईलाई हेपेर वोल्छ कि राम्रो सँग बोल्छन् ? तपाईको परिवारमा कोहि हली वसेका छन् ? (छन्, छैनन्) छन् भने हली वसेको कति वर्ष भयो तपाईको गाउँमा दलित र गैर दलित विच कस्तो सम्वन्ध छ ? गैर दलितलाई प्रश्न सोध्दा : तपाईले हली राख्नु भएको छ ? (छ, छैनन्) छ भने हली राखेको कति वर्ष भयो ? पारिश्रमिक कति दिनुहुन्छ ? दलितहरु र तपाईहरु बीच कस्तो सम्वन्ध रहेको छ ? तपाईको गाउँमा छुवाछुत कायम छ कि हटिसक्यो ? इत्यादि प्रश्न गरी अर्न्तवार्ता लिईएको थियो । जसमा १२ जना दलित र १२ जना गैर दलित गरी जम्मा २४ जनामा अर्न्तवाता लिईएको थियो ।

### ३.६ तथ्याङ्क, विश्लेषण र प्रस्तुतीकरण

अध्ययनको आधारमा प्राप्त तथ्यहरूलाई तथ्याङ्कको प्रकृतिअनुसार सङ्ख्यात्मक र गुणात्मक रूपमा विश्लेषण गरिएको छ। संकलित तथ्यांकहरुलाई विश्लेषण गरेपछि मात्र अध्ययनको बास्तविकता प्रापत हुने भएकोले अनुसन्धानमा विष्लेषण पक्षको महत्व छ।

## परिच्छेद : चार

### ४.१ डोटि जिल्ला - संक्षिप्त परिचय

सुदूरपश्चिम नेपालको सेती अंचल अन्तर्गत पर्ने पाँच जिल्ला मध्ये एक पहाडी जिल्ला डोटी हो। हाल नेपालको संविधान २०७२ अनुसार नेपालका ७ ओटा प्रदेश मध्ये डोटी जिल्ला प्रदेश नं. ७ मा पर्दछ । सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम पनि यस जिल्लाको मुख्य शहर “राजपुर दिपायल” मा रहेको छ।

यस जिल्लालाई प्रशासनिक विभाजनको हिसाबले २ निर्वाचन क्षेत्र, ११ इलाका, १ नगरपालिका र ५० गाउँ विकास समितिहरुमा विभाजित गरिएको छ। यस जिल्लाको २०६८ सालको जनगणना अनुसार कूल जनसंख्या २,११,७४६ (दुई लाख एघार हजार सात सय छयाँलिस) रहेको छ। जसमा महिला १,१४,४,९४ (एक लाख चौध हजार चार सय चौरानब्बे) र पुरुष ९७,२५२ (सन्तानब्बे हजार दुई सय बाउन्न) रहेको छ।

नेपालको पिछडिएको विकास क्षेत्र अन्तर्गतको झन् पिछडिएको पहाडी जिल्ला, डोटी शिक्षा, स्वास्थ्य, यातायात, संचार, विद्युत लगायत अन्य सेवा सुविधाले तराईका र पूर्वका जिल्लाका तुलनामा धेरै पछाडि रहेको छ । यस जिल्लाको राजमार्ग नजिकका क्षेत्रमा यी सुविधा भएपनि जिल्लाका धेरै गा.वि.स. मा यी सेवा सुविधा पुग्न सकेका छैनन्। यस जिल्लामा सामाजिक साँस्कृतिक चालचलनहरु विभिन्न किसिमका रहेका छन्

। परम्परागत रुपमा अंगाल्दै आएका सामाजिक सांस्कृतिक चालचलनहरु केही परिवर्तन भएपनि धेरै चालचलन परिवर्तन हुन सकेका छैनन् । त्यस्तै सामाजिक साँस्कृतिक चलन वा समस्या मध्ये "छुवाछुत" समस्या पनि हो । समाजमा विभिन्न जातजातिबीच छुत र अछुत भन्ने कु-प्रथा कायम रहेको देख्न सकिन्छ । विद्यालय, पसल, धारा, कुवा इत्यादी सार्वजनिक क्षेत्रमा छुवाछुत कम देखिए पनि प्राइभेट क्षेत्रमा छुवाछुत पूर्ण रुपमा कायम रहेको देख्न सकिन्छ ।

## ४.२ लक्ष्मीनगर गा.वि.स. संक्षिप्त परिचय

लक्ष्मीनगर गा.वि.स. डोटी जिल्ला निर्वाचन क्षेत्र नं. २ को इलाका नं. ६ मा पर्दछ । यस गा.वि.स.को पूर्वमा-नीरौली गा.वि.स., पश्चिममा घण्टेश्वर गा.वि.स., उत्तरमा सरस्वतीनगर गा.वि.स., दक्षिणमा सहजपुर गा.वि.स. पर्दछन् । सहजपुर गा.वि.स. कैलाली जिल्लामा पर्दछ ।

यस लक्ष्मीनगर गा.वि.स. को क्षेत्रफल ८७.० वर्ग कि.मी. रहेको छ । सामुद्रीक सतहदेखि १२०० मी उचाई देखि २००० मी उचाई सम्म यस गा.वि.स. अवस्थित रहेको छ । यस गा.वि.स. मा जम्मा ७४७ हेक्टर कृषि योग्य जमिन रहेको छ । चरन क्षेत्र ४३८.५ हेक्टर र जंगल (सामुदायिक बन) १३७३.३ हेक्टर रहेको छ । यस गा.वि.स. मा चिसोमा २□ र गर्मीमा ३५□ सम्म तापक्रम घटबढ हुने गर्दछ । यस गा.वि.स. को हावापानी अर्ध उष्ण किसिमको रहेको छ ।

### ४.२.१ गा.वि.स. को जनसंख्या

यस गा.वि.स को कुल जनसंख्या ५३९६ (तिरपन्न सय छयानब्बे) रहेको छ । यो जनसंख्या यस गा.वि.स. का विभिन्न टोल र बस्तीहरुमा छरिएर रहेको पाईन्छ । यस

गा.वि.स. मा भट्ट बोहरा, जोशी, रावल, साउद, खड्का, थापा, पुन, सार्की, वि.क, पाली, मकै, कपड्याल, वादी, मल्ल, हमाल आदि जातजातिका मानिस, बसोबास गर्दछन् । यस गा.वि.स को वडागत महिला र पुरुषको जनसंख्या निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. - १

| वडा नं. | महिला जनसंख्या | पुरुष जनसंख्या | कुल जनसंख्या |
|---|---|---|---|
| १ | ३९६ | ४०९ | ८०५ |
| २ | २०४ | २०५ | ४०९ |
| ३ | ३६४ | ३३७ | ७०१ |
| ४ | ३४४ | ३६६ | ७१० |
| ५ | २१२ | २०३ | ४१५ |
| ६ | १४३ | १६२ | ३०५ |
| ७ | २०९ | २२१ | ४३० |
| ८ | ६३१ | ५७२ | १२०३ |
| ९ | १९७ | २२१ | ४१८ |
| जम्मा | २७०० | २६९६ | ५३९६ |

*स्रोत : सम्पन्नता स्तरीकरण आवधिक तथ्याङ्क संकलन, गा.वि.स. कार्यालय - २०७२*

तालिका अनुरुप लक्ष्मीनगर गा.वि.स. का ९ वडामा सबभन्दा बढी जनसंख्या वडा नं. ८ मा र सबभन्दा कम जनसंख्या बडा नं. ६ मा रहेको तथ्य गा.वि.स. बाट पुष्टि भएको छ । पुरुषको भन्दा महिलाको जनसंख्या अलिबढी पाइयो ।

### ४.२.२ सामाजिक बनावट

यस लक्ष्मीनगर गा.वि.स. मा जम्मा १०२७ घर धुरी रहेको पाइयो जस मध्ये ब्राम्हण, क्षेत्री घरधुरी ६३३† दलित घरधुरी १४९ र जनजाति घरधुरी २४५ रहेको पाईन्छ । वडाअनुसार ब्राम्हण, क्षेत्री, दलित र जनजातिका घरधुरीहरु निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. २

| वडा नं. | ब्राम्हण-क्षेत्री घरधुरी | दलित घरधुरी | जनजाती घरधुरी | जम्मा घरधुरी |
|---|---|---|---|---|
| १ | १२३ | २५ | १ | १४९ |
| २ | ७१ | ५ | - | ७६ |
| ३ | ९७ | ८ | २९ | १३४ |
| ४ | ५४ | २५ | ५० | १२९ |
| ५ | ३७ | ४० | ७ | ८४ |
| ६ | ३२ | २ | ३१ | ६५ |
| ७ | ७१ | १२ | १४ | ९७ |
| ८ | १०९ | ३२ | ७० | २११ |
| ९ | ३९ | - | ४३ | ८२ |
| जम्मा | ६३३ | १४९ | २४५ | १०५७ |

*स्रोत : सम्पन्नता स्तरीकरण अवधिक तथ्याङ्क संकलन गा.वि.स. कार्यालय - २०७२*

यस लक्ष्मीनगर गा.वि.स. मा सबैभन्दा बढि घरधुरी वडा नं. ८ मा र सबैभन्दा कम घरधुरी वडा नं. ६ मा पाइयो । दलित घरधुरीमा सबैभन्दा बढी वडा नं. ५ मा ४० घरधुरी र सबैभन्दा कम वा शुन्य घरधुरी वडा नं. ९ मा पाइयो र जनजाति घरधुरी सबैभन्दा बढी वडा नं. ८ मा पाइयो भने सबैभन्दा कम वा शुन्य घरधुरी वडा नं. २ मा पाइयो ।

४.२.३ खाद्यान्नको अवस्था

यस लक्ष्मीनगर गा.वि.स. मा प्रायः जसो पहाडी भिरालो जमिन र तल केही भागसम्म परेको छ । सम्म परेको क्षेत्रमा धान, गहुँ, बदाम, भटमास लगायत विभिन्न बालिनाली उत्पादन हुन्छन् भने अलि अग्लो ठाउँमा, मकै, कोदो, गहुँ इत्यादी उत्पादन हुन्छ । यस गा.वि.स. मा आधुनिक खेतीपाती हुन सकेको छैन । प्रायः परम्परागत खेती नै गरीन्छ । यस क्षेत्रमा उत्पादन हुने परम्परागत धान "बास्मती धान" धेरै प्रचलित छ । सुदूरपश्चिमको मुख्य शहर धनगढी, महेन्द्रनगर लगायतका शहरमा जोरायलको बास्मती धान प्रख्यात रहेको छ ।

यस गा.वि.स.को खाद्यान्नको आधारमा गरिएको स्तरीकरण यस प्रकारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

| क्र.सं. | स्तर | स्तरीकरणको आधार | घरधुरी |
|---|---|---|---|
| १. | अति विपन्न | ३ महिनासम्म खान पुग्ने | २३७ |
| २. | विपन्न | ९ महिनासम्म खान पुग्ने | ३७२ |
| ३. | मध्यम | १ वर्ष सम्म खान पुग्ने | ४१९ |

| | |
|---|---|
| जम्मा | १०२७ |

*(स्रोत: सम्पन्नता स्तरीकरण आवधिक तथ्याङ्क संकलन, गा.वि.स. कार्यालय - २०७२)*

यस गा.वि.स. मा तुलनात्मक रुपमा बढी घरधुरीलाई आफुले उत्पादन गरेको अन्नबालीले वर्षभरी खान नपुग्ने अवस्था रहेको छ। प्रायः विपन्न र अतिविपन्न दलितहरु र जनजातिहरु रहेका छन्।

४.२.४ पूर्वाधार तथा विकासको अवस्था

यस गा.वि.स. विकासको हिसाबले पछाडी नै रहेको छ। यस गा.वि.स मा मुख्य सडक ८ कि.मि. कच्ची रहेको छ । शाखा सडक ३ कि.मि. रहेको छ । खानेपानी औसतमा ७६५ आपूर्ति भएको छ । यस गा.वि.स. मा बाल शिक्षा ९, प्रा.वि. ९, नि.मा.वि. ४, मा.वि. १, उ.मा.वि - १, क्याम्पस १ गरी २५ ओटा शैक्षिक संस्था रहेका छन्। यस गा.वि.स. का मुख्य नदी, सैगडी नदि, ठूली नदि, कुमरा नदि आदि हुन्। यी नदिमा विभिन्न स्थानमा ५ ओटा पुलको निर्माण गरिएको छ। यस गा.वि.स. मा १ ओटा स्वास्थ्य चौकी र १ ओटा हुलाक रहेका छन्। यस गा.वि.स. का ४ ओटा वडाहरु (२, ४, ५, ६) मा बिजुलीको सुविधा रहेको छ।

यस गा.वि.स. प्राकृतिक हिसाबले सुन्दर भएपनि विकासको हिसाबले धेरै पछाडी परेको छ । यस क्षेत्रका केही व्यक्ति व्यापार लगायत सरकारी क्षेत्रतिर भएपनि धेरै मानिस पछाडी नै छन् । राजनीतिक हिसाबले त यस गा.वि.स. बाट अहिलेसम्म एक जना सांसदसम्म पनि हुने सकेका छैनन् । गा.वि.स का मानिसहरु अझै पुरानो परम्परागत चालचलनलाई नै अनुसरण गरी अगाडि बढी रहेका हुन्छ । समाज अझै परम्परागत विश्वासका आधारमा चलि रहेको छ। यस क्षेत्रमा चेतनाको कमी भए जस्तो देखिन्छ। बुझेका मान्छे पनि वाध्य भएर परम्परालाई आत्मसाथ गर्न बाहृय देखिन्छन्।

परिच्छेद : पाँच

## दलित र गैरदलित बिच सम्बन्धको स्थिति

नेपाली समाजमा जात-पातका आधारमा गरिदैं आएको विभेद विभिन्न ठाउँहरुमा विद्यमान छ । पानी चल्ने, पानी नचल्ने, छुत-अछुत, दलित-गैरदलित जस्ता शब्दावलीहरु समाजमा प्रष्ट रुपमै प्रयोग भईरहेको अवस्था छ । नेपाली समाज जातका आधारमा २ वर्गमा विभाजित छ । शोसक र शोसित वर्ग । शोसक वर्गमा ब्राम्हण, क्षेत्री पर्दछन् भने शोसित वर्गमा दलितहरु पर्दछन् । दलित र गैरदलितबीच समाजमा धेरै कुरामा असमानता र विभद छ भने केही कुराहरुमा समानता र सहकार्य भएको देखिन्छ। नेपाली समाज परिवर्तनको दिशामा निरन्तर अगाडि गईरहेको भएपनि दलित र गैरदलित बिचको जुन अमानवीय सम्बन्ध छ त्यो सम्बन्धमा जुन मात्रामा परिवर्तन हुनु पर्ने हो त्यो परिवर्तन हुन सकिरहेको छैन ।

"सम्पन्न उच्च वर्ग वा उच्च जातिका मानिसले अति विपन्न निम्न तथा उत्पीडित दलित जाती वा वर्गलाई कति हेयको दृष्टिले हेर्दछन् र कति नीच देख्दछन् भन्ने कुरा यहाँ व्याप्त अस्पृश्यताको भावनाले स्पष्ट पार्दछ । तल्लो जात वा मानिसहरु सार्वजनिक स्थलमा देखा पर्नु र छोइनु पाप हो भन्ने घृणित विचारलाई सञ्चय गर्नु र सोच्नु पनि अपराध ठहर्ने यस्तो कार्य गर्नु जाती प्रथाको कथित आदर्श मानिन्छ । यही छुवाछुतको भावनाले हाम्रो देशको करिब २३ लाख जना प्रभावित छन् र सामाजिक जनजीवनमा विभिन्न पक्षहरुमा (धार्मिक, सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा) अयोग्य सावित गरी समाज र सामाजिक जीवनबाट पृथक राख्दै अनेकौं प्रकारका दुराचार तथा अत्याचारको शिकार बनाइएको छ" (समानता पत्रिका २०५४, पराजुली २०५४ : २७) ।

जातीय छुवाछुत र यही छुत-अछुत, दलित-गैरदलित जातपातको आधारमा सामाजिक सम्बन्धको पहिचान गर्न यस लक्ष्मीनगर गा.वि.स. वडा नं. ५ धनरासका

दलित १२ र गैरदलितबाट १२ परिवारको अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रमा दलित र गैरदलित बिच सम्बन्धको बारेमा अध्ययन गर्दा तपसिलका सम्बन्धहरु देखियो ।

५.१ १२/१२ घर दलित र गैरदलित को जनसाङ्ख्यीकी स्थिति

तालिका नं. - ४

| घरधुरी | दलित (१२) | गैरदलित (१२) | जम्मा (२४) |
|---|---|---|---|
| पुरुष | ४१ | ४० | ८१ |
| महिला | ३३ | ३६ | ६९ |
| जम्मा | ७४ | ७६ | १५० |

*स्रोतः स्थलगत सर्वेक्षण - २०७२*

अध्ययनका लागि लिइएका १२ घर दलित र १२ घर गैर दलितको जनसंख्या हेर्दा दलितको कूल १२ घरको जनसंख्या ७४ जना र गैर दलितको १२ घरको कूल जनसंख्या ७६ जना रहेको छ । १२ घर दलित परिवारमा पुरुष ४१ जना र महिला ३३ जना छन् भने १२ घर गैरदलित परिवारमा पुरुष ४० जना र महिला ३६ जना रहेका छन् । दलित र गैर दलित दुवैतर्फ महिलाके भन्दा पुरुषको जनसंख्या बढीरहेको छ ।

५.२ घरहरुको बनोटको स्थिति

गैरदलितहरुका घरहरु दुई तले र ठूला छन् भने दलितहरुका घरहरु साना र एक तले छन् । दलीतहरुसँग भौतिक र आर्थिक सम्पत्ती कम भएका कारणले गैर दलीतका भन्दा सानो घर र खरको छाना भएका घर छन् । दलित र गैरदलित घरहरुको बनोटको स्थिति निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ५

| घरको प्रकार | दलित | गैरदलित |
|---|---|---|
| टिन/स्लेटको छाना भएको | ७ (५८.३३) | १२ (१००५० |
| खरको छाना भएको | ५ (४१.६६) | ० ९ण५० |
| २ तला भएको | २ (१६.६६) | १२ (१००५) |

*स्रोतः स्थलगत सर्वेक्षण - २०७२*

तालिकामा देखाइएको तथ्याङ्क प्रतिशतका आधारमा गैरदलित सबैका घरहरु टिन र स्लेटको छाना भएका र २ तले भएका छन् । दलितका ५८.३३५ घर मात्र टिन र स्लेटको छाना भएको घरहरु छन् र २ तल्ला भएको घरहरु १६.६६५ मात्र छन् । गैरदलितका घरहरु साना साना झुप्रा जस्ता देखिन्छन् । तालिका अुनसार १६.६६५ दलितको २ तला घर हुनु भनेको दलितहरुपनि अब परिवर्तनतिर लम्कीरहेका छन् भन्न सकिन्छ ।

५.३ सरसफाईको स्थिति

दलित र गैरदलित १२/१२ घर र घर वरपरको सरसफाईको स्थिति हेर्दा ९१.६६५ गैरदलित सफाई र ८.३३५ फोहोर पाइए भने ३३.३३५ दलित सफाई र ६६.६६५ फोहोर पाइए । समग्रमा दलित र गैरदलितको सरफाईको स्थिति हेर्दा दलितहरुका घर र घर वरपरको वातावरण बढी फोहोर पाइयो । दलित र गैरदलितको सरसफाईको स्थिति निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ६

| | सफाई | फोहोर |
|---|---|---|
| गैरदलित | ११ (९१.६६५) | १ (८.३३५) |

| | | |
|---|---|---|
| दलित | ४ (३३.३३५) | ८ (६६.६६)५ |

*स्रोत : स्थलगत सर्वेक्षण - २०७२*

दलित र गैरदलित घर र घर वरपरको सरसफाई स्थिति माथिको तालिका अनुसार हेर्दा (९१.६६५) गैर दलितको घर वा घर वरपरको वातावरण सफा देखिन्छ । भने ८.३३५ गैरदलितको घर र घरवरपर फोहोर देखिन्छ । दलितको ३३.३३५ घर र घर वरपरको वातावरण सफाई देखिन्छ भने ६६.६६५ दलितको घर र घर वरपर फोहर देखिन्छ । दलितहरुलाई यसरी फोहर हुनाको कारण बुझ्दा “दिउँसो भरी मजदुरी गर्नु पर्ने सानो घरमा बस्तुभाउ त्यही राख्नु पर्ने खाना त्यही पकाउनु पर्ने, घर वरपर आफ्नो जमिन थोरै भएकाले चर्पी पनि नजिकै बनाउनु पर्ने भएकाले घर र घर वरपरको वातावरण सफाई हुन नसकेको बताए ।” पहिलाको तुलनामा ३३.३३५ घरपरिवार दलितका सफाई देखिएको दलितहरु पनि परिवर्तित भएर अगाडि बढी रहेका छन् भन्ने बुझिन्छ ।

## ५.४ सार्वजनिक पानी धाराको स्थिति

अध्ययन क्षेत्रमा सार्वजनिक खानेपानीको बारेमा अध्ययन गर्दा दलित र गैरदलितको खानेपानीको मुहान र ट्याङ्की साझा देखियो । ट्याङ्कीबाट भने दलित र गैरदलितको घर सम्म जाने पाइपलाइन फरक फरक र धारा पनि दलित र गैरदलितका अलग-अलग देखिन्छन् । धारा अलग-अलग भएपनि मुहान र ट्याङ्की साझा हुनाले समाज समानतातिर उन्मुख भईरहेको छ ।

## ५.५ शौचालयको स्थिति

अध्ययन क्षेत्रमा शौचालयको बारेमा अध्ययन गर्दा दलित र गैरदलित सबैको घर घरमा शौचालय देखिन्छन् । गैरदलितका शौचालय पक्की र सफा छन् भने दलितका शौचालय कच्ची र अलि फोहोर छन् । शौचालय तपाईहरुले आफुै बनाउनु भएको हो भनेर बुझ्दा “गा.वि.स. ले “खुल्ला दिसामुक्त क्षेत्र” घोषणा गर्नलाई दलितका प्रत्येक

परिवारलाई शौचालय निर्माण गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराएर शौचालय निर्माण गर्न लगाएको हो ।" यो अभ्यासले पनि समाज परिवर्तनलाई अंगिकार गरेर अगाडि गईरहेको देखिन्छ ।

## ५.६ शिक्षाको स्थिति

अध्ययन क्षेत्रका दलित र गैर दलितको शैक्षिक स्थित निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७

| | | निरक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि | स्नातक | स्नाकोत्तर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पु | | ४ | ५ | १३ | ९ | ६ | ३ | ४० |
| गैरदलित | म | २ | १० | ६ | १० | ६ | २ | - | ३६ |
| जम्मा | | २ | १४ | ११ | २३ | १५ | ८ | ३ | ७६ |
| प्रतिशत | | २.६३ | १८.४२ | १४.४७ | ३०.२६ | १९.७३ | १०.५२ | ३.९४ | १०० |
| दलित | पु | ६ | १८ | ११ | ४ | २ | - | - | ४१ |
| | म | ११ | १९ | २ | १ | - | - | - | ३३ |
| जम्मा | | १७ | ३७ | १३ | ५ | २ | | | ७४ |
| प्रतिशत | | २२.९७ | ५० | १७.५६ | ६.७५ | २.७० | | | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण - २०७२*

तालिकाको स्पष्ट तथ्याङ्क अनुसार दलित र गैरदलित बिच धेरै ठूलो शैक्षिक फरक देखिन्छ । गैरदलित परिवारमा २.६३५ निरक्षरता छ भने दलित परिवारमा २५.९७५ निरक्षरता छ । दलित पुरुषबाट उ.मा.वि. सम्मको शिक्षा आर्जन गर्ने २.७०५ रहेका छन् । दलित महिला अझै उ.मा.वि. सम्म पुगेकी छैनन् । गैरदलितहरुको उ.मा.वि., स्नातक, स्नाकोत्तर सम्मको शिक्षामा पनि सहज पहुँच रहेको देखिन्छ । दलितहरुका पहिलाका बुढापाखा नपढेका भएपनि अब भने उनीहरु आÇना छोराछोरीलाई अनिवार्य रुपमा

विद्यालय पठाई रहेका छन् । दलितमा पनि अब शिक्षाको बारेमा चेतना पलाएको पाईन्छ ।

## ५.७ विवाहको स्थिति

गैरदलितले आ-आÇनै जातका भिन्न थर र गोत्र तथा दलितले पनि आ-आफ्नै थर-गोत्रमा विवाह गर्ने सनातनी विवाह पद्धति रहेको छ । तर कहिले काही सामाजिक स्थितिलाई थाती राखेर नारी-पुरुषको सामान्य आकर्षणमा प्रेम विवाह गर्ने गरेको देखिन्छ । २०६८ सालमा वि.क. युवाले १ क्षेत्री, जातकी युवतीलाई प्रेम विवाह गरेको पाइयो । यस्तै केही दशक पहिले १ ब्राम्हणले गैरदलित तर आफूभन्दा घटीया जातीक भनिने खत्रीसँग विवाह गरेको पाइयो ।

उक्त अन्तरजातीय विवाह दलित युवाहरुले गरेको विवाहमा जातपात घटीबढी नहुने र सामान्य चल्ने बताइयो भने ब्राम्हणका भने पत्नीले पकाएको पाक्यवस्तु नचल्ने र उनीबाट जन्मेका सन्तानको जात घटी क्षेत्री हुने कुरा बताइयो । दलितले ल्याएका ब्राम्हणी र क्षेत्रीको जात दलितमा जाने र अरु कुनै घटवढ नहुने बताइयो ।

जे होस् युगौदेखि अत्यन्तै घृणा र कटाक्ष दृष्टिबाट हेरिने र व्यवहारित, अपहेलित र दमित दलितहरुमा यस विवाहले सामाजिक परिवर्तनमा एउटा ठूलै फड्को मारेको बताइन्छ र समाज चुप लागेर रहनुले एउटा युगीन परिवर्तनको अनुभूती दिलाएको बताए ।

## ५.८ पेशा र रोजगारी

पेशा र रोजगारले आर्थिक अवस्थालाई जनाउँछ । ग्रामीण समाजमा काम, पेशा र रोजगार भन्नाले जमिनमा कृषि कार्य गर्ने देश वा विदेशमा नोकरी गर्ने, व्यापार

व्यवसाय गर्ने, बस्तुभाउ धन पैसाको कारोबार व्यवहार गर्ने, सानातिना कुटीर उद्योग चलाउने वा व्यक्तिगत सिप र दस्तकारी वा पेशा गर्ने कार्यलाई बुझाउँछ ।

अध्ययन सम्बन्धित क्षेत्रका गैरदलितको दलितको भन्दा राम्रो र अबल जग्गा तथा दलितको भन्दा धेरै पनि भएकाले उनीहरुको कृषि व्यवसाय सबल देखिन्छ । साथै पढेलेखेका टाढा-बाठा र हैकमीहरु पनि उनीहरु नै भएकाले नोकरी व्यवसाय र कारोबारमा गैरदलित कै हात माथि रहेको छ । यसकारण सिंगो समाजको आर्थिक मामिलामा गैर दलित बलियो र माथिल्लो तहमा रहेका छन् । जमिन प्रशस्त भएकाले अनाज उत्पादन गर्न र पशुहरु पाल्ने देखि व्यापार व्यवसाय र नोकरी गर्ने हर क्षेत्रमा गैरदलित अगाडि छन् ।

प्राय दलित जग्गा विहिन छन् । उनीहरु गैरदलितको घरदैलामा ज्याला मजदुरी गर्ने भु-दास नै हुन् । किन भने आफ्नो झुप्रो रहेको ठाउँ बाहेक उनीहरुसँग जग्गा छैन । जमिनको त कुरा परै जाओस् । उनीहरुसँग रहे भएमा जग्गा जमिन सबै बाजे-बराज्यूका पालैमा गैरदलितको मातहातमा गएको बताइन्छ । सो कुरा दलित बताउँछन् । त्यसैले दलितहरुको आर्थिक मामिला वा पेशा र रोजगार भनेको नै ज्यालामजदुरी गर्ने, भरीया तथा पहरेदारीको काम गर्ने, स्वदेशमा वा विदेशमा नोकरी खोज्ने बेलाबखतमा बाजा बजाउने, भाँडा कुँडा बनाउने, छालाको काम गर्ने सिलाई गर्ने जातीगत भनिने पेशा इलम गर्ने, ढुंगा-माटो वा काठपातको कडा शारिरिक काम गर्ने नै देखिन्छ । यस सम्बन्धमा १२ घर दलित र १२ घर गैरदलितको पेशागत स्थिति निम्नानुसार रहेको छ ।

तालिका नं. - ८

| पेशा | दलित | | | | गैरदलित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत | पुरुष | महिला | जम्मा | प्रतिशत |
| कृषि | ४ | ६ | १० | २७.०५ | ११ | १७ | २८ | ६६.६६ |
| नोकरी | १ | १ | ५ | ५.४० | ४ | २ | ६ | १४.२८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| व्यापार | १ | - | १ | २.७० | २ | १ | ३ | ७.१४ |
| मजदुरी | १० | १० | २० | ५४.०५ | ३ | | ३ | ७.१४ |
| बैदेशिक रोजगार | ४ | | ४ | १०.८१ | २ | | २ | ४.७६ |
| जम्मा | २० | १७ | ३७ | १०० | २२ | २० | ४२ | १०० |

*स्रोत: स्थलगत सवेक्षण - २०७२*

तालिका अनुसार पेशामा हिसाबले काम गर्न सक्ने गैरदलितको ४२ जना र दलितहरुका ३७ जनामध्ये गैरदलितका ६६.६६५ कृषिमा १४.५८ नोकरीमा, ७.१४५ व्यापारमा, ७.१४५ मजदुरी र ४.७६५, बैदेशिक रोजगारीमा गएको पाइयो । दलितका २७.०२५ कृषिमा, ५.४०५ नोकरीमा, २.७०५ व्यापारमा, ५४.०५५ मजदुरीमा र १०.८१५ बैदेशिक रोजगारीमा गएको पाइयो । गैरदलितहरुको जमिन बढी हुनाले उनीहरु बढी कृषिमा आवद्ध भएको पाइयो भने दलित भएको पाइयो भने दलितसँग जमिन धेरै कम हुनाले उनीहरुले मजदुरी गरेर जिविका चलाउने गरेको पाइयो । अहिले अहिले बैदेशिक रोजगारीतिर पनि आकर्षण बढेको पाइएको छ ।

५.९ सामाजिक सहभागिता

प्रायस : समाजमा व्यक्ति वा परिवारका अतिरिक्त सिँगो समाजभित्र एक अर्कामा पारस्परिक सहयोग र मेलबाट काम टार्नु पर्ने तथा सौहार्दता र सहानुभूति बटल्नु पर्ने अवस्था रहन्छ । जसबाट सामाजिक जिवन गतिविधि र क्रियाकलापहरु अगाडि बढ्दै जान्छन् र सामाजिक जीवन सुचारु हुन्छ । समाजका यस्ता कार्यकलापमा हुने पारस्परिक संलग्नता र आदान प्रदानलाई सामाजिक सहभागिता भनिन्छ ।

दलित र गैरदलित भनी रेखाङ्कन गरिएको नेपाली समाजमा यस गाउँका दलित र गैरदलितहरुको सामाजिक सहभागिताको स्थिति निम्नानुसार रहेको पाईन्छ ।

५.९.१ वर्म-पर्म

दलित र गैरदलित विचमा खेती कृषिका काम धन्दाहरुमा सामान्यतया वर्म-पर्म गरेको पाईन्छ । तर पनि दलितहरुको जमिन धेरै काम भएकाले उनीहरुलाई वर्म-पर्मको जरुरी नपर्ने र ज्याला मजदुरीमा नै बढीजसो काम गर्दछन् । बेला बखतमा काम गरेर सघाउने काम पनि दलितहरुबाट गरेको पाईन्छ । तर गैरदलितहरुले दलितहरुकोमा सघाउ-पघाउको शारिरिक काम बिरलै गरेको दलितहरु बताउँछन् ।

५.९.२ ऐँचो-पैँचो

यसबारे गैरदलितसँग बुझ्दा दलितसँग कुनै ऐँचो-पैँचो नगरेको देखिन्छ भने दलितहरु पनि आवश्यक पर्दा ल्याइएको चीजबस्तुको चुक्ता बढीजसो ज्याला मजदूरीबाट गर्ने बताउँछन् । ऐँचो-पैँचो चले तापनि, श्रमबाट भुक्तानी हुने कुरा दलितहरुले बताएका थिए ।

५.९.३ सर सापट तथा लेनदेन कारोबार

सामान्यतया गैरदलित-गैरदलित बीचमा सरसापट तथा लेनदेन बढी चल्ने गरेको पाईन्छ । दलित र गैरदलित बचिमा सरसपाट कम चलेको गुनासो दलितहरु गर्दछन् । समस्या परेका बेला गैरदलितबाट सापटी नपाईने र पाए पनि उनीहरुले पछि आफ्नो फाइदा हेरेर मात्र दिने गरेको भनाई उनीहरुको छ । आजकलका पढेलेखेका युवाहरुमा गैरदलित र दलित बिचमा सर-सापटी चल्ने गरेको छ । युवा पिढी परिवर्तन तिर उन्मुख भई रहेको छ ।

५.९.४ आपत-विपतमा सरसहयोग

कुनै समय बेलामा पर्न गएका भवितव्य तथा आपतविपतमा औपचारिक सहानुभूती र सामान्य सहयोग सिवाय गैरदलितहरुले ठूलो सहयोग नगरेको कुरा

दलितहरु बताउँछन् । यस्ता भवितव्यहरुमा गैरदलितले दलितसँग भने काम पट्याउने गरेको बताइन्छ । गैरदलितसँग बुझ्दा उनीहरुले नै दलितलाई हेरक बाधा अड्चनमा ढाकछोप गरिरहेको बताएको हुनाले पनि गैरदलित र दलितको भनाईमा विरोधाभास रहेको पाईएको छ ।

५.९.५ पूजा-आजा

गैरदलित आफ्ना घरमा आयोजना गरिने पूजाआजामा दलितलाई बढी मात्रामा कामकाजमा सघाउ-पघाउ गर्न बोलाउने र त्यसको आडमा गरिने निमन्त्रणामा अलग्गै टाढै बस्न लगाई खाना दिने गरेको कुरा दलित बताउँछन् ।

यस्तै केही कार्यमा गैरदलितहरुलाई निम्त्याइने कुरा पनि दलितहरुले बताएको पाईन्छ । जसमा गैरदलित छुट्टै अजकिलो ठाउँमा चिजबस्तु उनीहरुबाटै बनाउन लगाई भान्सा गराइने भनाई उनीहरुको रहेको थियो । गैरदलित पनि आफुहरुलाई छुट्टै भान्साको उचित व्यवस्था हुँदा मात्र निम्ता मान्न जाने कुरा बताएका थिए ।

५.९.६ मर्दा-पर्दा

मर्दा पर्दाको अवस्थामा सामान्य सघाउपघाउ र अड्कोपड्को बाहेक दलित र गैरदलित बीच खासै ठूलो सरसहयोग नरहेको बताइन्छ । दलितहरुको मलामी गैरदलित नजाने र गैरदलितको मलामी दलित नजाने चलन पनि हुनाले यस मामलामा खास सारनतारन चल्दैन भनिएको थियो ।

५.९.७ आवतजावत

दलितहरु के बताउँछन् भने दुःख गरी हातमुख जोर्नु पर्ने हुँदा गाउँका हरेक घरमा बढी जानु आउनु पर्ने हुन्छ नै र बढी गइएको पनि हुन्छ । त्यसरी नै गैरदलित तथा अरु गैरदलितहरु पनि आफ्ना काम विशेषले दलितकोमा आउनु जानु पर्ने कुरा स्वीकार्दछन् । यसलाई उनीहरुको पारस्परिक आवश्यकताको सवाल बताए ।

५.१० सामाजिक न्याय

समाजमा यदाकदा हुने गल्ती र झै-झगडामा तथा पारस्परिक एवं टकरावमा टक्राई रहने समजमा बेलावखतमा द्वन्दहरु उदांगिएर बाहिर आउँछन् र कलह र झमेलाहरु शुरु हुन्छन् । टकरावमा ति द्वन्दहरु उत्रन्छन् । दमन र थिचोमिचो शुरु हुन्छ । दलितको भनाईमा उनीहरु यस्तै थिचोमिचोको शिकार पर्दै आएका हुन्छन् भनिएको थियो । बेलामौकामा हुने यस्ता दमन र अन्यायमा, न्याय-अन्याय के कस्तो हुन्छ भनी बुझ्न खोज्दा समाजमा सही र सत्य न्याय कहिल्यै नापएको गुनासो धेरै दलितहरुले गरे । लेनदेन कारोबारमा होस् वा ज्यालामजदुरी होस् वा अन्य विधि व्यवहारमा होस् आफूहरु माथि कहिल्यै सदा सयता र सहानुभूति नभएके गुनासो उनीहरुले पोखे । गैरदलितले भने यस्तो दमन र दवाब खासै नगरिएको बताए । एक ब्राम्हणका अनुसार “ढाँटीढूटी, मरिमेटी निया” भन्ने नेपाली समाजको मान्यता रहेको हुनाले ठूला बढाले बाहेक सोझा र निरीह एवं निहत्या मानिसले सही न्याय पाउने कुरामाथि शंका व्यक्त गरे ।

यसबारे खासै तथ्य केही छ क भनी राखिएको जिज्ञासामा दलितहरुले बेला मौकामा भए गरेका उदाहरणहरु नै पेश गरे । चाहे दाउरा घाँसको सवालमा होस चाहे बाटोघाटो, पानी धारा पँधेरोको सवालमा होस् वा लेनदेन कारोबारको सवालमा होस वा उनीहरुले पाउन राहतको सवालमा होस कुनै उचत इन्साफ नभएको प्रशस्त घटनाहरुको स्मरण उनीहरुले गरे । साथै सहनु र रहनुमात्र आफूहरुको जीवन भएको दुःखेसो पनि पोखेका थिए ।

५.११ सामूहिक नेतृत्व

समाजमा रहेर कुनै न कुनै कोण वा पक्षबाट व्यक्तित्व विकास गरी अगुवाई गर्न सक्ने हैसियतलाई सामूहिक नेतृत्व भन्नु पर्दछ । गैर दलितहरु यस पक्षमा सामाजिक-साँस्कृतिक, आर्थिक, धार्मिक, राजनैतिक हरेक कोणबाट सशक्त देखिन्छन् । तर दलितमा यस्तो कुनै सबलता पर पहल पाइएन । उनीहरुको स्थितिले नेतृत्व विकासको क्षमता

राखेको देखिएन । प्रथमतः सामाजिक मान्यता यी जात ठानिनेहरु नभएको पाइयो । अर्को कुरा सामाजिकता र मानवीयताबाट नै आफूहरु कटिएका उनीहरुले ठान्छन् । त्यसैले नै उनीहरु पंजुवाड ठानिन्छन् । उनीहरुलाई यस उचनिचको जातीय समाजमा सानो-ठूलो जो कोहीले पनि सजिलै हियाउन सक्ने देखिन्छ । त्यसैले यस अध्ययनको क्रममा उनीहरुको समजमा कुनै किसिमले अग्रसरता नरहेको पाइयो । गैर दलितको भने पुरै हालीमुहाली रहेको पाइयो र यसले यी दुई समूहबीच शासक र शासितको सम्बन्ध देखियो । यद्यपि सामान्यतः राहत आएको कुरा दलित बताउँछन् । हाल आएर देशमा समावेशीको चर्को नारा उरालीरहेको बेलामा दलितलाई पनि सँगसँगै सामूहिक नेतृत्वमा उठाउन जरुरी छ । नेपालको संविधान २०७२ मा पनि समावेशी कोटाको व्यवस्था गरिएको छ । अहिले समाजमा दलितको लागि समावेशी कोटाको आधारमा विभिन्न संस्थाहरुमा प्रतिनिधित्व गराइन्छ । यसले गर्दा समाज परिवर्तन तिर अगाडि बढी रहेको छ ।

लक्ष्मीनगर -५ धनरास गाउँका दलितहरुको समाजका विभिन्न सामाजिक संस्थामा गैर दलितको तुलनामा न्यून सहभागीता रहेको पाइयो । त्यस वडामा भएका सामुदायीक वन उपभोक्ता समीतिको कुल ११ सदस्य मध्ये २ जना, सिंचाइ योजनाको समितिका कुल १५ जना मध्ये ४ जना र गरिवी निवारण संस्थाको समितिका ७ जना मध्ये ४ जना सदस्य दलित रहेको पाइयो ।

### ५.१२ राजनीतिक स्थान र नेतृत्व

यस अध्ययन क्षेत्रमा राजनीतिक हिसाबले विभिन्न पार्टी, गाउँ, कमिटी र वडा कमिटीमा आरक्षण कोटामा बाहेक अन्य खुल्ला तर्फका पदमा दलित प्रतिनिधित्व पाइएन । लक्ष्मीनगर गा.वि.स. को मुख्य राजनीतिक दल नेपाली काँग्रेस, नेकपा एमाले र माओवादीको गाउँ  कमिटिमा दलित आरक्षण कोटामा १/१ जना मात्र सहभागी पाइयो भने लक्ष्मीनगर ५ मा नेपाली काँग्रेस को वडा कमीटिमा २ जना दलित, एमालेको वडा कमिटीमा २ जना माओवादीको वडा कमीटिमा ३ जना दलित सहभागीता पाइयो ।

विभिन्न पार्टिका नेतृत्व तहमा गैरदलित नै अगाडि देखिए । राजनीतिक अधिकारमा दलितहरु गैरदलित भन्दा पछाडी नै रहेका हुन्छन् । अहिले अहिले सम्पूर्ण राजनीतिक दलले अनिवार्य दलित कोटा निर्धारण गरेको हुनाले राजनीति पनि समानतातिर उन्मुख भईरहेको छ ।

५.१३ सामाजिक मान्यता

परम्परादेखि नै गैरदलितलाई उच्च सामाजिक स्थान र मान्यता किटान गरिएको हुनाले सो अनुसार नै आज पनि गैरदलिलतहरुको हरेक कोणबाट उच्च कोटीको मान्यता रही आएको देखिन्छ । धर्मशास्त्र अनुसार ब्राम्हण भन्न नै चलाख, बुद्धिमान र बाठो जात भनेर समाजले बुझेको पाईन्छ । दलित भनेपछि नादान र निर्धो जात बुझ्ने पाइयो । एकातर्फ यो सामाजिक मान्यता छ भने अर्को तर्फ आर्थिक अभावले दलित ग्रस्त रहेका देखिए । जसले गर्दा साह्रै रुखो, कठोर अमानवीय सम्बन्ध रहन पुगेको देखिन्छ, दलित र गैरदलितहरुको बिचमा दलित बुढापाखासँग सामाजिक मान्यता कस्तो रहेको छ भन्ने बारेमा बुझ्दा हाम्रो जातै तल्लो स्तरको हो, हाम्रो दुर्भाग्य नै दलित परिवारमा जन्मिनु हो, गैरदलितको सेवा गर्नु हो । गैरदलित बुढापाकासँग बुझ्दा दलित भनेका तल्लो जातका हुन् । उनीहरुले तल्लो स्तरको काम गर्नु पर्छ । ब्राह्मण क्षेत्री ठूलो जातका हुन् ।

दलितहरु आफ्नो स्थितिमा सुधार गर्ने प्रयासमा त देखिएका छन् तर शोषणका कारण उनीहरुको स्थितिमा कुनै सुधार हुन सकिरहेको छैन । ऐतिहासिक रुपले नै आफ्नो चलाखीपन र उच्च सामाजिक मान्यता स्थापित भएका हुनाले गैरदलित आर्थिक, शैक्षिक, राजनैतिक, सामाजिक-साँस्कृतिक सबै क्षेत्रमा सबल छन् । तर दलितको स्थिति सीमान्तकृत बनेको पाइयो । तर त्यसो हुँदाहुँदै पनि वर्तमानसम्म आईपुग्दा समाजका अनेक पक्षमा परिवर्तनहरु देखा परिसकेको पनि पाइयो । आर्थिक, राजनैतिक, कानुन र कलामा पनि परिवर्तन हुँदै गईरहेको पाइयो ।

५.१४ वर्णाश्रममा आधारित जाती व्यवस्थाको वर्तमान स्थिति

ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र यी चार वर्ण हिन्दूवर्ण श्रम व्यवस्थामा आधारित जातपातको सृजना हो । यी मध्ये पछिल्लो शुद्र जातिलाई कालान्तरमा आएर अछुत र समाज बहिष्कार सम्म पुऱ्याइयो । शुद्रहरुसँग नछोइने, छोएको पानी र पाक्यवस्तु नखाने, घर, मन्दिर, होटल र सार्वजनिक स्थलहरुमा प्रवेश नगराइने, असल बस्तुचीज लत्ताकपडा प्रयोग गर्न र लगाउन नपाईने, उचित असल ठाउँमा बसोबास गर्न नपाईने साथै अरुकै सेवा र पहलमा रहनु पर्ने दास जीवन व्यतित गर्नुपर्ने जस्ता कठोर र प्रताडित नियम बाहुनका साथै वि.सं. १९१० मा कानुन नै बाँधियो र शुद्रमाथि गैरशुद्रहरुको एकछत्र दमन नै चल्यो । हालमा आएर त्यति कठोर स्थिति रहेको छैन र बदलिँदो परस्थितिको क्रममा क्रमिक सुधार र परिवर्तनहरु हुँदै गएका छन् । यस सम्बन्धमा देखिएका वर्तमान स्थितिहरु निम्नानुसार रहेको पाईन्छन् ।

५.१४.१ जातीय छुवाछुत

शुद्रहरु अर्थात् अछुत जाती भन्नाले यस अध्ययनमा यस अध्ययन क्षेत्रका १२ घरधुरी कामी, दमाई, सार्की, जातिहरुलाई लिइएको छ र यस्तै छुत जातीमा १२ गैरदलित (भट्ट, खत्री,

५.१४.४ यात्रा

आवश्यक कामले मानिसहरुले नजिकदेखि टाढा-टाढासमम यात्रा गर्नुपर्ने हुन्छ । यात्राबाट नयाँ ठाउँ, समाज र मानिसहरुसँग सम्पर्क हुन्छ । जात र जातीयताको भावना गलत रहेछ भन्ने कतिपय कुराहरु यस्ता यात्राबाट बुभ्न पाईन्छ । वर्तमानको चलायमान समाजमा पुरानै ढोंगी जातवादी प्रवृत्ति र व्यवहारले काम चल्न गाह्रो हुने बुझाई हुन्छ । साथै पहिलेजस्तो खर्च बोकेर हिड्ने सरल यात्रा आजकल असम्भव छ र यातायातका साधनहरुमा जटिल यात्रा गर्नुपर्ने हुन्छ । यस गाउँका दलित र गैरदलितका पनि कतिपय अहिलेका जटिलतम सहयात्राले उनीहरुमा पनि छुवाछुतजस्ता जातीय विभेद मेटाउन थप सहयोग भएको कुरा दुवै समूहबाट बुझिन्छ ।

५.१४.५ सहभोज र सहकार्य

हिजोआज जातीय विभेदलाई मेट्न सहभोजको प्रचलन बढ्दै गएको छ । गाउँक्षेत्रमा सहभोजको योजना कम भए पनि बनभोज गर्ने चलन व्यापक नै छ । यस्ता वनभोजमा र सहभोजमा जातीय छुवाछुत नहुने हुनाले यस गाउँका दलित र गैरदलित जातीय विभेदलाई यथासम्भव सहजरुपमा लिँदै गएको पाईन्छ । यसै गरी विवाहमा पनि सहभोज गरिने आफैले पस्केर खाने चलनले छुवाछुतलाई मेट्दै गएको छ । यसरी नै गाउँघरदेखि लिएर देशविदेशमा समेत सँगै काम गर्ने, खाने, पिउने, बस्ने, सँगै पढ्ने हिड्ने सहकार्य र सहभागितालाई बढ्दो गतिले गर्दा छुवाछुतको भावनालाई निस्तेज गरेको छ र यसलाई भुलभुलैया ठानिएको छ । जातीय छुवाछुत स्वभाविक रुपमा कमजोर भई परिवर्तनतर्फ उन्मुख भएको निष्कर्ष सामूहिक छलफलबाट निकालिएको थियो ।

५.१४.६ परम्परागत पेशा

दलित र गैरदलितमा परम्परागत पेशामा केही परिवर्तन आएको छ । लुगा सिउने दमाई, फलामको काम गर्ने कामी, छालाको काम गर्ने सार्की आदि पेशामा परिवर्तन आएको छ । आफ्नो इच्छा अनुसार आफुलाई मनपरेको पेशा रोजगार गर्न मिलेको छ । परम्परागत पेशा नै गरेपनि त्यसलाई व्यवसायिक रुपमा गरिन थालिएको छ । यो काम यस जातिले मात्र गर्नुपर्छ भन्ने परम्परागत सोच परिवर्तन भएको छ । एउटा बाहुनको छोरो पनि सिकाई सेन्टर खोलेर बसेको अवस्था छ । त्यसैले परम्परागत पेशा नै गर्नु पर्छ भन्ने बन्देश खुकुलो भएको छ ।

परम्परागत बाली प्रथामा पनि कमी आएको छ । श्रम अनुसारको दाम मिल्ने स्थितिको सिर्जना भएको छ । गैरदलितले पेशाका हिसाबले दलितलाई जुन हिसाबले अपहेलना गर्थे त्यो दर धेरै घटी सकेको छ । अहिले श्रमको मुल्याङ्कन हुन थालि सकेको छ ।

दलितका परम्परागत पेशाहरु आफु खुसी गर्न पाउने अधिकार प्राप्त भएको छ । पहिलाको जस्तो अति दु:ख भएपनि गर्नै पर्ने भन्ने परम्परागत सोचमा परिवर्तन आएको छ ।

आज शिक्षालयमा होस, यात्रा वा तिर्थस्थलमा होस् विभिन्न कार्यालयमा काम गर्ने सवालमा होस् वा सेवा, रोजगार, व्यापार र व्यवसाय कै सवालमा होस् जातीयताको परम्परागत आधार भत्केको छ । जुनसुकै संघसंस्था र पेशा, सेवा र इलम धन्दा गर्न स्वतन्त्र छ । जसले गर्दा अध्ययन क्षेत्रमा दलित र गैरदलित सरह नै पढ्न लेख्न तथा औकात, रुची र क्षमता अनुसारको कामधन्दामा लागेको पाईन्छन् । पढ्ने, पढाउने, इलम, पेशा गर्ने, स्वदेश तथा विदेशी नोकरी गर्ने, ड्राईभिङ गर्ने र पसल व्यापार गर्ने कार्यहरुमा लागेका पाईन्छ ।

## परिच्छेद : छ

## छुवाछुतले पारेको असरको विश्लेषण

"छुवाछुत प्रथा" एउटा प्राकृतिक प्रक्रिया नभएर मानिसले नै निर्माण गरेको कृत्रिम प्रक्रिया हो । जुन अहिलेसम्म यस "छुवाछुत प्रथाले" नेपाली समाजमा जरा गाडेर बसेको छ । यो प्रथा मानव निर्मित प्रथा हो । मानिस-मानिस बिचमा उसको कामका आधारमा छुत-अछुत भनी पहिलाका शासकहरुले हिन्दू वर्ण व्यवस्था अनुसार लादेको प्रथा हो ।

हिन्दू वर्णव्यवस्था भारतबाट प्रसार भएर नेपालमा आएको हो । भारतमा आर्य र अनार्य बिच युद्ध भयो र आर्यले जिते र अनार्यलाई दास बनाएर राखे त्यसपछि श्रम विभाजन गरी पुरोहित्याई गर्ने, ज्ञान र शिक्षा आर्जन गर्ने ब्राम्हण, सैनिक तथा प्रशासनिक काम गर्ने क्षेत्री, पशुपालन खेती व्यापार गर्ने वैश्य, तथा श्रम शिल्पकारी र सेवाको काम गर्ने शुद्र गरी चार वर्णको विभाजन गरियो । चार वर्णमा विभाजित गरिएपनि त्यतिखेर छुवाछुत प्रथाकायम भएको थिएन । शुद्रले राम्रो काम गरेपछि बढुवा पनि हुन सक्थ्यो । इ.पू. २०० मा जन्म भएका ब्राम्हण राजा मनुले वर्णव्यवस्थालाई अत्यन्त कठोरता पूर्वक लागू गर्दै छुवाछुत प्रथा कायम गरे । त्यसपछि भारतमा छुवाछुत प्रथा कडाईका साथ लागू भयो । भारतबाट विभिन्न समयमा विभिन्न ठाउँबाट भारतीय हिन्दू शासक नेपाल आए र तिनीहरुले भारतीय हिन्दूवर्णव्यवस्था पनि साथमा लिएर आएका थिए । उनीहरुले नेपाली समाजमा वर्णव्यवस्था कायम गरे । त्यसपछि नेपाली शासकले पनि हिन्दू वर्णव्यवस्था अनुसार कडाईका साथ छुवाछुत प्रथालाई निरन्तरता दिए (आहुती : २०६७) ।

"वैदिक कालमा श्रम विभाजन गर्ने क्रममा प्रारम्भ गरिएको वर्णव्यवस्थालाई धार्मिक औचित्य दिएर ब्राम्हण धर्मको रुपमा स्थापित गराइयो । कालान्तरमा यो वर्णव्यवस्था एउटा यस्तो वर्ग व्यवस्थामा फेरियो । जसमा समानवर्गले आधारभूत

श्रमिकवर्गलाई पूर्व जन्म, पुनर्जन्म एवं भाग्यवादको भुमरीभित्र कैद गर्दै जन्मतः उचनिच र छुवाछुतको स्थायी मान्यता प्रदान गरे । फलतः कोही वर्ग जन्मतः उच कुलिन र वैभवशाली हुन पाउने र कोही जन्मजन्मान्तर, दासदस्यु, अछुत र नीचसम्म धकेलिन बाध्य गरिए" (समानता - २०५४ : १-२) ।

नेपालमा पहिलादेखि नै छुवाछुत प्रथा निरन्तर रुपमा अगाडि बढ्दै आएको थियो । २००७ सालको राजनीतिक परिवर्तन पछि पनि छुवाछुतको बारेमा केही पनि ठोस कानुन बन्न सकेन । २०२० सालमा राजा महेन्द्रले नयाँ "मुलुकी ऐन" जारी गरी ऐनको अदल १० मा छुवाछुत र जातपातको भेदभाव गर्न नपाईने उल्लेख गरे । तर सजाएको व्यवस्था नहुनाले लागु हुन सकेन । २०४६ सालमा बहुदलीय राजनीतिक प्रणाली स्थापित भयो । २०४७ सालको संविधानले जातिपातीको आधारमा भेदभाव गर्न नपाइने घोषणा गर्‍यो तर हिन्दू अधिराज्यको व्यवस्था कायमै राख्यो । केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन २०४८ ले भेदभावपूर्ण व्यवहार गर्नेलाई दण्डनीय करारको व्यवस्था गर्‍यो । तर नेपालका दलितले ढुक्कको स्वास फेर्न पाएनन् ।

२०५२ साल देखि नेकपा माओवादीले उत्पीडित वर्गको मुक्तिका लागि भन्दै जनयुद्धको घोषणा गर्‍यो । जनयुद्ध कालमा माओवादीहरुले छुवाछुतको अन्त्य गर्नलाई ग्रामीण क्षेत्रमा धेरै प्रयास गरेको देखियो । ग्रामीण क्षेत्रमा दलित र गैरदलित बिच हुने छुवाछुतलाई कम गर्न माओवादी जनयुद्धले सघाएको देखिन्छ ।

२०६३ सालको अन्तरीम संविधानमा नेपाललाई धर्म निरपेक्ष देश घोषणा गरियो । २०६३ को अन्तरिम संविधानको धारा १४ को छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हकमा - "कुनैपनि व्यक्तिलाई जात, वर्ण, समुदाय वा पेशाका आधारमा छुवाछुत तथा जतीय भेदभाव नगरिने त्यस्तो व्यवहार दण्डनीए हुने र पिडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने" भन्ने कुरा उल्लेख गरिएको छ (नेपालको अन्तरिम संविधान २०६३) ।

नेपालको संविधान २०७२ को धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकमा - “कुनै पनि व्यक्तिलाई निजको उत्पक्ति, जात, जाती, समुदाय, पेशा, व्यवसाय वा शारिरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।” त्यस्तै धाराा ४० को दलितको हकमा “राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ (नेपालको अन्तरिम संविधान २०६३) ।

कानुनी रुपमा नेपालमा छुवाछुत नै छैन भन्ने जस्तो लाग्दछ । शहरी क्षेत्रमा छुवाछुतका बारेमा मतलब नभए पनि ग्रामीण क्षेत्रमा अझैं छुवाछुतले जरा गाडेको छ । दलितहरुले अझैं हेपिएर चेपिएर बस्नु परेको छ । स्वतन्त्र भएर अझैं उनीहरुले आÇनो कार्य गर्न पाईराखेका छैनन । धेरै ग्रामीण क्षेत्रमा छुवाछुत प्रथा अझैं कायम छ । अहिलेका युवा पिढीँले छुवाछुतलाई मतलब नगरे पनि वृद्ध पिढिले छुवाछुतलाई अझैं निरन्तरता दिएका छन् । अध्ययन क्षेत्र लक्ष्मीनगर गा.वि.स. वडा नं. ५ धनरास गाउँका १२/१२ घर दलित र गैरदलितमा गरिएको अध्ययनमा छुवाछुतले पारेको असर सम्बन्धी निम्न शीर्षकमा विश्लेषण गरिएको छ ।

### ६.१ छुवाछुतले सामाजिक-साँस्कृतिक क्षेत्रमा पारेको असर

सामाजिक एवम् साँस्कृतिक क्षेत्रमा दलितहरुको उत्पीडनमय अपमानपुर्ण शोषित जीवन हुनु वर्ण व्यवस्थाको विशेषता नै भइहाल्यो । समाजमा सम्पूर्ण कुरामा दलितलाई पछाडी नै राखिन्छ । जबकी दलितले छोएको खानेकुरा गैरदलितले खान पनि नहुने, दलितले छोएको पानी पिउन नहुने, सार्वजनिक कुवा, धारो-पँधेरो छुन नहुने जस्ता अमानवीय कलङ्कित व्यवहार दलितले सहरे बस्नु परेको छ ।

विवाह हुँदा दलितले बाजा बजाउनु पर्ने, समाजमा अलि जटिल काम गर्नु पर्दा दलितलाई गर्न लगाउने जस्तै बाटो, घाटो निर्माण, कुलो निर्माण, पार्टी पौवा निर्माण गर्दा तर सजिलो र इज्जतदार काम गर्दा दलितलाई पछाडी नै राखिन्छ । समाजमा कुनै कुराको निर्णय गर्दा दलितले निर्णय प्रक्रियामा बोल्न समेत पाउँदैनन् ।

समाजमा हुने विभिन्न बैठक (बनको वैठक, वडाको बैठक, पार्टीको बैठक) हरुमा, विभिन्न कमिटीहरु निर्माण गर्दा कुनै राम्रो कामको उद्घाटन गर्दा, आर्थिक लाभको काम गर्दा दलितलाई टाढै राखिन्छ । उनीहरुलाई त्यस्ता क्रियाकलापहरुमा सहभागी नै गराईदैन । तल्लो स्तरका काम गर्नु पर्ने भएमात्र उनीहरुलाई जबरजस्ती गराईन्छ । जस्तै खेत जोत्नु, बाजा बनाउनु, कुनै अप्ठेरो काम गर्नु पर्दा दलितलाई तिमीहरुले जसरी भएपनि गर्नु पर्छ तिमीहरुको संस्कार नै यही हो आफ्नो संस्कारमा बसेर काम गर भनेर धम्क्याउने गरीन्छ ।

यी यस्तै व्यवहारले गर्दा दलितहरु समाजमा दबिएर बस्न बाध्य छन् । ग्रामीण समाजमा जातीय छुवाछुतले जडा गाडेर बसेको छ ।

अध्ययन क्षेत्रका १० जना दलित र १० जना गैरदलित प्रत्येकलाई तपाईको गाउँमा जातको आधारमा सार्वजनिक ठाउँहरुमा छुवाछुत गरीन्छ ? भन्ने प्रश्न गर्दा प्राप्त उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ९

| | दलित (१०) | गैरदलित (१०) |
|---|---|---|
| छुवाछुत गरिन्छ | ५ (५०५) | २ (२०५) |
| छुवाछुत गरिँदैन | २ (२०५) | ४ (४०५) |
| पहिलाको भन्दा कम गरिन्छ | ३ (३०५) | ४ (४०५) |

*स्रोत : स्थलगत सर्वेक्षण - २०७२*

तालिकाको तथ्याङ्क अनुसार सार्वजनिक ठाउँमा जातको आधारमा छुवाछुत गरीन्छ भन्ने उत्तर ५०५ दलित उत्तरदाताले र २०५ गैरदलित उत्तरदाताले दिए । छुवाछुत गरिँदैन भन्ने मा २०५ दलित उत्तरदाताले र ४०५ गैरदलित उत्तरदाताले उत्तर दिए । पहिलेको भन्दा कम गरिन्छ भन्नेमा ३०५ दलित उत्तरदाताले र ४०५ गैरदलित उत्तरदाताले उत्तर दिए । दलित र गैर दलित उत्तरदातामा विभेद देखिएको छ । दलितहरुले अझैपनि सार्वजनिक क्षेत्रमा जातका आधारमा छुवाछुतको सिकार हुनु परेको छ भन्नेमा ५०५ उत्तर आएको छ । दलित उत्तरदाताको अनुसार दलित अझै पनि स्वतन्त्र हुन सकेका छैनन् । गैरदलित उत्तर दाताको उत्तर अनुसार सार्वजनिक क्षेत्रमा छुवाछुत गरिन्छ भन्नेमा २०५ उत्तर आएको छ । छुवाछुत धेरै कम भइसकेको र दलितहरु आफै तर्किने कुरा बताएका छन् । दुवै तर्फका उत्तर दाताको मनसाय बुझ्दा अझै छुवाछुतको मानसिकता हराउन सकेको छैन । यसबाट के बुझ्न सकिन्छ भने दलितले छुवाछुत गरिन्छ भनेका छन् भने गैरदलितले छुवाछुत धेरै कम भैसक्यो भनेका छन् । जे होस् पहिलाको भन्दा कम हुन्छ भन्नेमा भने समानता नजिक छ ३०५ र ४०५ ।

दलित र गैरदलित बीच छुवाछुतका बारेमा द्वन्द भएपनि ५०५ दलित उत्तरदाताले छुवाछुत हुँदैन भनेको हुनाले समाजमा छुवाछुत कम भइरहेको छ ।

## ६.२ छुवाछुतले शैक्षिक क्षेत्रमा पारेको असर

शिक्षा भनेको मानिसको तेस्रो आँखा हो । शिक्षाले मानिसलाई सम्पूर्ण संसारको बारेमा ज्ञान दिन्छ । शिक्षाले मानिसलाई आफ्नो हक अधिकारको बारेमा सचेत गराउँदछ । शिक्षाले समाज रुपान्तरणमा सहयोग गर्दछ । शिक्षाले मानिसलाई समय सापेक्ष रुपमा अगाडि बढ्न सिकाउँछ ।

छुवाछुत र शिक्षा फरक-फरक विषय हुन् । छुवाछुत भनेको हिन्दूवर्णव्यवस्थाको नाममा समाजमा श्रमका आधारमा विभिन्न जातजाती बीच छुत र अछुतको रुपमा

गरीने व्यवहार हो । शिक्षा भनेको मानिसको पथप्रर्दशक हो । मानिसको चेतनाको स्तर बढाउने एउटा माध्यम हो ।

वास्तवमा यी विषयवस्तु फरक-फरक भएपनि समाजमा यी विषयवस्तु एक अर्कासँग सम्बन्धित छन् । शिक्षा भनेको समाजका सम्पूर्ण मानिसले आर्जन गर्नै पर्ने हुन्छ भने छुवाछुत त्यही समाजमा जरा गाडेको कु-प्रथा हो । शिक्षा आर्जन गर्ने प्रमुख थलो विद्यालय हो त्यो विद्यालयमा सम्पूर्ण जातजातीका विद्यार्थीले पढ्न पाउने अधिकार छ ।

हाम्रो समाजमा जुन व्याप्त छुवाछुत कु-प्रथा छ यसको प्रभाव विद्यालयसम्म पनि प्रस्ट रुपमा परेको पाइन्छ । शहर बजारको विद्यालयमा यसको असर नभएपनि ग्रामीण क्षेत्रका विद्यालयमा छुवाछुतको प्रभाव प्रत्यक्ष-अप्रत्यक्ष रुपमा परेको हुन्छ । समाजसँग विद्यालय प्रष्ट रुपमा जोडिएको हुन्छ । त्यस समाजमा दलित र ब्राम्हण क्षेत्री एउटै विद्यालयमा पढ्न जान्छन् । ति साना विद्यार्थीले घरमा गाउँमा दलितसँग गरिएको व्यवहार देखेका हुन्छन् । त्यही व्यवहार ब्राम्हण क्षेत्री विद्यार्थीले दलित विद्यार्थीलाई गर्दछन् । एउटै बेन्चमा बस्न नदिने, उनीहरुलाई आफुसँग नखेलाउने, विभिन्न काम लगाउने, खाना खाँदा उनीहरुलाई नदिने र दिएपनि टाढैबाट फालिदिने, भनेको नमाने गाली गर्ने कार्य गैरदलित विद्यार्थीले दलित विद्यार्थीलाई गर्दछन् । हाम्रो समाज जसरी छुवाछुतलाई अंगालेर बसेको छ । त्यसको प्रभाव हो यो ।

विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिका पनि गैरदलित हुन्छन् । उनीहरुले पनि दलित र गैरदलित विद्यार्थीलाई असमान व्यवहार गर्दछन् । कक्षाकोठामा केही कुरा सिकाउँदा होस्, गृहकार्य चेक गर्दा होस्, कक्षा कार्य चेक गर्दा होस्, अतिरिक्त क्रियाकलाप गराउँदा होस् शिक्षकले फरक व्यवहार गरी रहेका हुन्छन् ।

यी यस्तै कारणले छुवाछुतले शैक्षिक क्षेत्रमा समेत असर पारी रहेको छ । समान रुपले सबैले शिक्षा नपाई राखेको अवस्था छ ।

अध्ययन क्षेत्रमा रहेको एक प्रा.वि.मा गएर अवलोकन गर्दा १-५ सम्मका सम्पूर्ण कक्षामा दलित र गैरदलित विद्यार्थीहरु अलग-अलग वेन्चमा बसेका थिए । विद्यालयमा ५ जना शिक्षक र १ जना कार्यालय सहयोगी गरी ६ जना सबै गैरदलित थिए । यसबाट पनि विद्यालयमा छुवाछुत छ भन्न सकिन्छ ।

अध्ययन क्षेत्रमा एकजना दलित परिवारको घरमा गएर उनको छोराछोरीको शिक्षाको बारेमा बुझ्दा - "जेठो छोराले ४ कक्षामा पढाई छोड्यो, माइली छोरीले ३ कक्षामा पढाई छोडी अहिले कान्छो छोरो ५ कक्षामा पढिरहेको छ । तपाईका जेठा छोरा र माइली छोरील पढ्दा पढ्दै किन विद्यालय छाडे भनेर बुझ्दा "विद्यालयमा बाम्हण क्षेत्रीका छोरा छोरीले मेरा छोरा र छोरीलाई जिस्काउने, गाली गर्ने, पिट्ने र आफ्नो बेन्चमा बस्न नदिने जस्ता व्यवहार गर्ने रैछन् । छोरा र छोरीले त्यस्तो व्यवहार सहन नसकेर पढाई छाडी दिए । जेठो छोरो अहिले इण्डीया छ । छोरीको विहे भयो तर कान्छो छोरो भने अहिले राम्रोसँग पढि रहेको छ । विद्यालयमा पनि अहिले पहिलाको जस्तो वातावरण छैन । सबैले समान रुपमा पढ्न पाएका छन् । छुवाछुत भएपनि पहिलाको जस्तो हेपिएर बस्नु पर्ने स्थिति अहिले छैन । कान्छो छोरोलाई धेरै पढाउनु पर्ला, हामीले त दुःख पायौ पायौ, त्यसले नपाओस् ।"

ति व्यक्तिको भनाई अनुसार विद्यालयको वातावरण पहिलाको जस्तो नभएको र अहिले हेपिएर बस्न नपर्ने र शिक्षामा सबैलाई समानता भईरहेको छ । यसबाट के बुझिन्छ भने विद्यालयमा हुने छुवाछुत धेरै कम भईसकेको छ । अध्ययन क्षेत्रका ११ जना दलित र ११ जना गैरदलितलाई विद्यालयमा जातपातको आधारमा छुवाछुत हुन्छ ? भन्ने प्रश्नमा तपसीलको तालिकामा उल्लेख गरे अनुसारको उत्तर पाइयो ।

तालिका नं. - १०

| | दलित (११) | गैरदलित (११) |
|---|---|---|
| छुवाछुत हुन्छ | २ (१८.१०५) | १ (९.०९५) |

| | | |
|---|---|---|
| अलिअलि हुन्छ | ६ (५४.५४५) | ४ (३६.६६५) |
| हुँदैन | ३ (२७.२७५) | ६ (५४.५४५) |

*स्रोत : स्थलगत सर्वेक्षण - २०७२*

तालिकाको तथ्याङ्क अनुसार दलित र गैरदलित उत्तरदातामा विद्यालयमा छुवाछुत गरिन्छ भन्नेमा विभेद देखिन्छ । किनभने दुवैतर्फका उत्तर दाताको मत फरक फरक रहेको छ । दलितले अझै छुवाछुत भइरहेको छ भनेका छन् भने गैरदलितले छुवाछुत धेरै कम भैसक्यो भनेका छन् । विद्यालयमा जातपातको आधारमा छुवाछुत अलि अलि हुन्छ भन्नेमा ५४.५४५ दलित उत्तर दाताले र ३५.३६५ गैरदलित उत्तरदाताले उत्तर दिए । छुवाछुत हुन्छ भन्नेमा १८.१८ ५ दलित उत्तरदाताले र ९.०९५ गैरदलित उत्तरदाताले उत्तर दिए । हुँदैन भन्नेमा २७.३७५ दलित उत्तरदाताले र ५४.५४५ गैर दलित उत्तरदाताले उत्तर दिए । यी डाटाहरुबाट के प्रस्ट हुन्छ भने विद्यालय जस्तो सार्वजनिक क्षेत्रमा पनि अझैँ छुवाछुतको अवशेष केही मात्रामा बाँकी रहेको छ । जे होस् पहिलाको भन्दा धेरै परिवर्तन भएको छ । समाज समानता तिर उन्मुख छ ।

६.३ छुवाछुतले राजनीतिक क्षेत्रमा पारेको असर

राजनीति भनेको सत्ता संचालन गर्ने देश विकास गर्ने, जनतालाई अधिकार प्रदान गर्ने, जनताका समस्याहरु समाधान गर्ने र जनतालाई आपत विपत परेका बेला सहयोग गर्ने एउटा सशक्त माध्यम हो । संसारका कुनै देश पनि राजनीतिबाट अलग हुन सकेका छैन । किनभने समाज रुपान्तरणको लागि राजनीति एउटा महत्वपूर्ण अस्त्र हो । देशमा रहेका राजनीतिक दलले नै राज्यसत्ता संचालन गर्दछन् । देशको प्रमुख कार्यकारी पदमा राजनीति गर्ने व्यक्ति मात्र पुग्ने हुनाले राजनीति सबैभन्दा महŒवपूर्ण रहेको छ । देशका लागि आवश्यक नीति, नियम, कानुन, संविधान निर्माण राजनीति कर्मीहरुले नै गर्दछन् । त्यसैले राजनीति समाजका लागि एउटा नभई नहुने चीज भईसकेको छ । छुवाछुत र राजनीति फरक-फरक शब्द भएपनि यी एक अर्कामा सम्बन्धीत रहेका छन् । राजनीति गर्नका लागि समाज चाहिन्छ । त्यही समाजमा जातपातका आधारमा छुवाछुत गरीन्छ ।

समाज बिना राजनीति सम्भव छैन भने त्यही समाजका विभिन्न जातीका मानिसले राजनीति गर्ने हो । समाजमा रहेका छुत-अछुत सबै जातीलाई समेटेर राजनीतिक दलले राजनीतिक गर्नु पर्दछ ।

नेपालका विभिन्न राजनीतिक दलले दलितका मुद्दाहरु उठाइरहेका छन् । दलित मुक्तीको लागि आवाज उठाइरहेका छन् । समानताको मुद्दा उठाई रहेका छन् । समाज रुपान्तरणको मुद्दा उठाइरहेका छन् । जब ती राजनीतिक दल सत्तामा पुग्दछन् । तब ती दलितको मुक्तीका नारा बिर्सिन्छन् । नेपालमा यस्ता उदाहरण कैयौँ छन् । राजनीतिक दलले सोझा साझा जनतालाई केवल भोटको खेत मात्र बनाएका छन् । चुनावको बेला त्यस खेतमा जाने र गोडमेल गर्ने चुनाव सकिएपछि त्यस खेतलाई बाँजो राखिदिने खेल नेपालका राजनीतिक दलले गरेका छन् ।

नेपालका पछाडी परेका दलितहरु आफ्नो अधिकारको लागि खुलेरै राजनीतिमा लाग्न सकी रहेका छैनन् । किनभने शिक्षामा उनीहरु पछाडी छन् । जसरी तसरी गैरदलितले उनीहरुलाई पछाडी नै राखेका छन्, राख्न चाहन्छन् । विभिन्न राजनीतिक दलले दलितका मुद्दा उठाएका हुन्छन् तर नेपालका इतिहास हेर्ने हो भने कुनै पनि पार्टीको अध्यक्ष दलित छैन । यस्तो हुनाको कारण हो नेपाली हिन्दूवर्ण व्यवस्थामा आधारित समाज । सबै राजनीतिक दलका नेताहरु गैर दलित छन् । उनीहरु दलितलाई आफ्नो स्थानमा ल्याउन चाहँदैनन् । दलितको मुद्दा नारामा मात्र सिमित राखी दिन्छन् । नेपालको अन्धमक्त समाजले गर्दा दलितहरु खुलेरै राजनीतिमा लाग्न सकिरहेका छैनन् । दलितलाई अझै जातपातको आधारमा छुवाछुत गरीन्छ । राजनीतिक पार्टिका विभिन्न कार्यक्रममा दलित सहभागिता न्युन रहन्छ । न्यून रहनाको कारण छुवाछुत पनि एक हो । गैरदलितले दलितलाई विभिन्न कार्यक्रममा छुत-अछुतको व्यवहार अझै गरिरहन्छन् । ग्रामीण समाजमा जुनसुकै राजनीतिक दल भएपनि छुवाछुतको मानसिकता सबै दलका कार्यकर्तामा व्याप्त छ । खुलेर त्यस्तो व्यवहार गर्न नसकेपनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा दलितलाई छुत-अछुतको व्यवहार गरिरहन्छन् । दलितलाई राजनीति गर्दा पनि सारै

समस्या छ । गैरदलित सँग विभिन्न ठाउँमा जानु पर्छ । अरु बेला समानताको कुरा गरेपनि खाना खाने बेला फेरी छुत-अछुतको घृणीत व्यवहार देखा परिहाल्छ । दलितले खुलेर राजनीतिमा लागेपछि घरपरिवारलाई पालन पोषण गर्न पनि समस्या हुने दलितहरु बताउँदछन् ।

अध्ययन क्षेत्र लक्ष्मीनगर - ५ धनरासका दलितहरु राजनीतिमा धेरै पछाडी पाइयो । त्यस क्षेत्रमा रहेका दलितहरु मध्ये २ जनामात्र विभिन्न राजनीतिक पार्टीको गाउँ कमिटीमा रहेको पाइयो । त्यो पनि आरक्षण कोटामा राखिएको रहेछ । सबै यो कारण भनेको परम्परागत अन्धविश्वासमा आधारित हिन्दू समाजको हो । अध्ययन क्षेत्रका १०/१० जना दलित र गैरदलितलाई दलितहरु राजनीतिमा पछाडी हुनुको कारण के होला ? भन्ने प्रश्न गर्दा निम्न अनुसारको तालिकामा देखाइए अनुसारको उत्तर पाइयो ।

तालिका नं. ११

| | दलित (१०) | गैर दलित (१०) |
|---|---|---|
| अशिक्षाको कारण | २ (२०%) | ७ (७०%) |
| गैरदलित नेताले दलितलाई अवसर नदीनु | ५ (५०%) | २ (२०%) |
| गरिबीको कारण | ३ (३०%) | १ (१०%) |

*स्रोत : स्थलगत सर्वेक्षण - २०७२*

तालिकाको तथ्याङ्क अनुसार दलित र गैरदलित दुवैलाई दलितहरु राजनीतिमा पछाडी हुनुको कारण बारेमा सोध्दा २०% दलित उत्तरदाताले र ७०% गैरदलित उत्तरदाताले अशिक्षाको कारण देखाए । ५०% दलित उत्तरदाताले र २०% गैरदलित उत्तरदाताले गैरदलित नेताले दलितलाई अवसर नदिएको कारण देखाए । ३०% दलित उत्तरदाताले र १०% गैरदलित उत्तर दाताले गरिबीको कारण राजनीतिमा पछाडी परेको

देखाए । दलित र गैरदलित उत्तरदाताको उत्तरमा फरक देखिएको छ । दलितले राजनीतिमा पछाडी पर्नुको मुख्य कारणमा गैरदलितले अवसरल नदिनु देखाएका छन् गैरदलितले दलित राजनीतिमा पछाडी पर्नुको कारण अशिक्षा देखाएका छन् । दलित उत्तर दाताले गैरदलितले दलितलाई पर्याप्त अवसर नदिएको गुनासो समेत गरे ।

देशमा जबसम्म राजनीतिमा दलितको समान पहूँच हुँदैन । तबसम्म दलित र गैरदलित बीच द्वन्द रहनेछ ।

६.४ छुवाछुतले धार्मिक क्षेत्रमा पारेको असर

समाजमा विभिन्न धर्म मान्ने मानिसहरु हुन्छन् । हिन्दू, बौद्ध, क्रिस्चीयन, मुस्लिम इत्यादी । मानिसले मन परेको धर्म मान्न पाउने अधिकार छ । आफुले आस्था राखेको भगवानको पुजा-आजा गर्न पाउने अधिकार छ । प्रत्येक धर्मका आ-आफ्नै मूल्य र मान्यता हुन्छन् ।

नेपालमा विभिन्न धर्म मान्ने मानिस भएपनि ८०५ मानिसहरु हिन्दू धर्म मान्ने छन् । ८०५ हिन्दूहरुले अन्य धर्म मान्ने मानिसहरुलाई छायाँमा राखेका छन् । देशको नेतृत्व तहमा पनि हिन्दूहरु नै भएकाले नेपालमा हिन्दू धर्मावलम्बीले राज गरिरहेका छन् । त्यसको प्रभाव अन्य धर्ममा पनि परिरहेको छ । अन्य धर्म मान्ने मानिसले पनि हिन्दू र आफ्नो धर्म दुवैलाई आत्मसाथ गर्नुपर्ने बाध्यात्मक परिस्थिति छ । युगौंदेखि नेपालमा कायम रहेको हिन्दू वर्णव्यवस्था अनुसार नेपाली समाज चलिरहेको छ ।

छुवाछुत र धर्म फरक-फरक विषय भएपनि यी दुई एक-अर्कामा सम्बन्धित छन् । धार्मिक स्थलहरु, मठ मन्दिरमा गैरदलितलाई मन्दिरमा गएर पूजापाठ गर्ने अधिकार हुँदैन । देवता साझा हुने दलितले मन्दिरमा गएर पूजा पाठ गर्न नहुने । उनीहरुले ती मन्दिरमा लाग्ने मेला जात्रामा मन्दिरबाट टाढै बस्नु पर्ने मन्दिरलाई छुन नै नहुने दलितले छोयो भने अशुद्ध हुन्छ । एउटै हिन्दू धर्म मान्ने दलित र गैरदलितमा पनि यति फरक छ ।

दलित र गैरदलितको भगवान एउटै तर मानिसले निर्माण गरेको मन्दिर गैरदलितको निजी हुने कस्तो बिडम्बना छ ।

म मेरो जीवनमा घटेको एउटा सानो घटना यहाँ उल्लेख गर्न चाहन्छु । २०६९ साल मंसिर महिनाको कुरा हो “लाटा देवता” को पूजा आजा कार्यक्रम थियो । त्यस देवताको पूजा आजा गर्ने अधिकार केवल गैरदलितलाई मात्र थियो । तिथी अनुसार देवताको पूजा गर्ने दिन मंसिरमा त्यस देवताप्रति आस्था राख्ने वा त्यस देवताको स्थान नजिकका मानिसहरु ब्रत बसेर पूजाआजा गर्नलाई भेला भएका थिए । म पनि त्यस देवस्थलीमा सहभागी थिए । म र एक जना दाई चिया पकाएर बाँडी रहेका थियौ । चिया बाँड्ने सिलसिलामा एकजना दलितको छोरा (अन्दाजी १२/१३ वर्षको) अलि पर एक्लै उभिएर हेरिरहेको थियो । मेरो मनले मानेन एक गिलास चिया लगेर त्यस दलितका छोरालाई दिए । म चिया दिएर फर्केको मात्र के थिए मेरो गाउँका एकजना ठूलाबुबाले मलाई गाली गर्नु भयो । उहाँसँग भएको संवाद यसप्रकार छ ।

ठूला बुबा - त्यो कसको छोरो हो ?

म - खड्क वि.क. को छोरो हो ।

ठूला बुबा - अनि त्यसको हातमो चियाको गिलास किन दिइस् ? भुँईमा राखेर आउन सकिनस् ? मानिस यहाँ सबै ब्रत बसेर आएका छन् । त गएर ल्वार ( वि.क. लाई ल्वार भन्छन् गाउँले भाषामा) लाई हातमा चियाको गिलास दिने ? छिटो नदिमा गएर पानीको छोडो (शरिरमा पानीको छिटा हाल्नु) हालेर आइज ।

म - के भयो र ठूला बा उसले मलाई छोए पनि तपाईलाई त छोएको छैन नि ? अनि पानी हालेर म शुद्ध हुन्छु र ?

ठूला बा - (रिसले चुर भएर) त बढि नबोलेर खुरुक्क नदिमा गएर छोडो हालेर आइज त । नत्र के के भनेर गाली गर्न शुरु भयो ।

त्यसपछि म चुपचाप नदिमा गएर पानीको छिट्टा शरिरमा हालेर आए । त्यति खेर म बाध्यतामा थिए । मैले छुवाछुत गर्नु हुँदैन मानिस सबै समान छन् भनेर बुझेको थिए तर पनि समाजको अगाडि मेरो केही लागेन ।

अध्ययन क्षेत्रमा मैले अवलोकन गर्दा देवीदेवताका मन्दिरमा दलितलाई पुजा आजा गर्ने अधिकार छैन । अध्ययन क्षेत्रमा रहेको एउटा समैजीको मन्दिरमा पूजाआजा चलेको थियो । म पनि त्यहाँ सहभागी थिए दलितहरु मन्दिर देखि अलिपर बसेका थिए भने गैरदलितहरु मन्दिरको नजिक थिए । यस्तै क्रममा एकजना दलितको छोरा खेल्दा खेल्दै मन्दिरको नजिक पुग्यो त्यसपछि एक जना गैरदलितले त्यस बालकलाई गाली गरेर लेखटे । सबै भन्दा बढी कट्टरता धार्मिक स्थानमा देखियो । दलितलाई मन्दिरमा पूजा गर्न त परै जाओस मन्दिरलाई छुन समेत बन्देज गरिएको पाइयो ।

अध्ययन क्षेत्रका १२/१२ दलित र गैरदलितलाई दलितहरुले मन्दिरमा गएर पूजाआजा गर्न पाउँछन् । भन्ने प्रश्न गर्दा दलित र गैरदलित उत्तरदाताको उत्तर उस्तै पाउँदैनन् । वास्तवमै त्यस क्षेत्रको स्थिति नै त्यस्तै थियो । दलितले मन्दिरमा गएर पूजा आजा गर्न पाउने स्थिति थिएन ।

दलितहरु सबै भन्दा बढी छुवाछुतको सिकार धार्मिक क्षेत्रमा भएका छन् । धर्मको नाममा हिन्दू अहंकारवादीहरुले दलितलाई अमानवीय व्यवहार गरिरहेका छन् ।

## परिच्छेद : सात

### दलित र गैर दलितका सम्बन्धमा आएका परिवर्तनहरू

७.१ सम्बन्धका विशिष्ट पक्षहरू :

यस अध्ययनको सामान्य उद्देश्य नेपाली समाजका दलित-गैरदलित भनिने मानिसहरू बीचको सम्बन्ध तथा समय-सापेक्ष ती सम्बन्धहरूमा देखापरेका वा भए गरेका परिवर्तनहरूलाई हेर्नु रहेकाले पनि सर्वप्रथम यी सम्बन्धका भिन्नभिन्न पक्षहरूको पहिचान गर्नु आवश्यक हुन्छ । दलित र गैर दलितको सम्बन्ध द्वन्दात्मक तथा परस्परविरोधी रहेको तथ्य यस अगाडिका सबै अध्यायहरूबाट स्पष्ट भएको पनि छ। यस आधारमा अध्ययनक्षेत्रमा उनीहरूकाबीचमा विभिन्न विशिष्ट सम्बन्धहरू रहेका छन् ।

सामाजिक सम्बन्ध : उत्पीडक र उत्पीडनको सम्बन्ध, साँस्कृतिक सम्बन्ध : उचनीच र छुवाछूतको तथा सभ्य र असभ्यको सम्बन्ध, जातीय सम्बन्ध : उच्च जात-नीचोजात र भेदभावको सम्बन्ध, राजनैतिक सम्बन्ध : शासक जात र शासित जातिको सम्बन्ध र आर्थिक सम्बन्ध : कृषक र कृषि मजदुर एवं धनी र गरीबीको सम्बन्ध ।

उपर्युक्त यी पाँचवटा यस्ता विशिष्ट सम्बन्धहरू हुन्, जुन नेपाली समाजमा दलित गैरदलितबीच युगौंदेखि कायम रहँदै आएका छन्; तर समाज विकासको गतिसँगै समय परिस्थितिका विभिन्न मोडहरूमा यी सम्बन्धहरूमा थोरबहुत सुधार तथा परिवर्तनहरू समेत देखापरेका छन् । यस अध्यायमा यिनै सम्बन्धहरूमा दलित र गैरदलितहरूका अन्तरसम्बन्धमा भए गरेका परिवर्तनहरूको आँकलन गरिनेछ ।

७.२ सामाजिक सम्बन्धका परिवर्तनहरू:

यस सम्बन्धमा आहुतिको भनाइ यसप्रकार रहेको छ - “हिन्दू सामन्तवाद त्यस्तो सामाजिक व्यवस्था हो, जसले स्व-वर्ग, सहयात्रीवर्ग र स्वजातिभित्र र

उनीहरूबीच अनन्त फुट पार्दछ (आहुती - २०६३ : ३३) । जेहोस्, नेपाली समाज अन्ततः जात वा वर्णवादी सामन्ती समाज हो । "स्पष्ट छ ब्राह्मणधर्म घोर सामन्ती परिपाटी हो" (विश्वकर्मा - २०५४ : १) । "ब्राह्मणवाद, समानता, स्वतन्त्रता र भातृत्वको विरोधमा चल्ने प्रवृत्ति हो" (विश्वकर्मा - २०६० : ५) । जे भए तापनि नेपाली समाज अन्ततः जात एवं भेदवादी सामन्ती समाज हो र अद्यापि रोवरवाफ र हालहैकमभित्र बस्नु पर्ने र जीर्ण-शीर्ण प्रताडित जीवन-जीउनु पर्ने स्थिति नै नेपाली समाजको सामाजिक विशेषता रहेको छ । यसबारे डा. चेतबहादुर परियारको भनाइ छ- "जातीय वर्णव्यवस्था मानवद्वारा सिर्जित व्यवस्था भएको छ र जुन हिन्दूधर्मको आडमा शोषण गर्ने हतियारको रूपमा विकसित भएको देखिन्छ" (परियार - २०६३ : १८) ।

तर हालमा पुरानै ढबको सामन्ती अवस्था भए तापनि वस्तुस्थितिले धेरै कुरामा फरक पार्दै ल्याएको पाइन्छ । सामाजिक रहन-सहन र क्रियाकलापहरूमा व्यक्तिहरूको पहिल्यैको धाक धक्कू र खरो रोवरवाफ सेलाउँदै र ठन्डा पर्दै गएको देखिन्छ । दलित र गैरदलितबीच जुन प्रताडन र प्रताडितको ठाडो उत्पीडनकारी सम्बन्ध हो, त्यो सारमा रहे पनि स्वरूपमा पातलिंदै गएको पाइन्छ ।

यसबारे लक्ष्मीनगर - ०५, धनरास गाउँका दलितहरूलाई बुझ्दा, उनीहरूकाअनुसार गैरदलितले आजकल सहजै हप्काउने, सित्तै काममा लगाउने, हेयार्थ एवं अपमानजनक र सामाजिक अवसरहरूमा सोझो विरोध गर्ने जस्ता स्थितिहरूको सतही अन्त्य भएको र त्यसमा परिवर्तन नै आएको दलितहरूले बताएका थिए । साथै गैरदलितहरूलाई बुझ्दा पनि त्यो स्थिति नरहेको स्वीकार गरिएको थियो ।

खास गरेर समाजमा गर्नुपर्ने काम-काज, ज्यालामजदूरी, सरसापट, ऐंचोपैंचो, कारोबार व्यवहार तथा स्कूल भवन, स्वास्थ्य भवन, हुलाकभवन चौकी वा पानीधारा, बाटोघाटो एवं संघसंस्था, समिति निर्माण र सर-सल्लाह-सहयोगहरूमा आवश्यक पर्ने सामाजिक आयतनमा भएको वृद्धि र त्यसमा आएको जागरणले सामन्ती हैकमवादी सोच र व्यवहारलाई स्वतः निस्तेज पार्दै लगेको भनेर बताइएको थियो ।

वास्तवमा उत्पीडनकारी सामाजिक सम्बन्धमा हालमा के फरक पाउनु भएको छ ? भनी दलितहरूसँग राखेको जिज्ञासामा, उनीहरूले बोलबाला त ब्राह्मणहरूकै रहेको तर पुरानै ढबको दबदबापूर्ण रोव रवाफ कमजोर भएको र सजिलै हेप्न नमिलेको कुरा बताए । यसबाट तपाइँहरूमा आएको खास परिवर्तन के हो ? भनी राखिएको जिज्ञासामा उनीहरूले आफूहरूको घरायसी जीवनको शैक्षिक मामलाहरूमा सन्त्रास र दबदबा कम भई सरलता छाएको र न्यानो अनुभव गरेको बताएका थिए । उनीहरूको हस्तक्षेप विना नै आफ्नो पारिवारिक जीवनको निर्णय गर्न सकिने अवस्था रहेको र काममा सौदाबाजी गर्न पाएको, ऋण खाए पनि हप्की दप्कीमा रहन नपरेको बताइएको थियो ।

यस सम्बन्धमा दलित र गैर दलित लगायत बुद्धिजीवीहरूसँग पनि दलित गैरदलित उत्पीडनकारी सम्बन्धमा के फरक देख्नुभएको छ ? भनी राय बुझिएको थियो । जसको परिणाम निम्न तालिका नं. १२ मा प्रस्तुत गरिएको छ ।

सामाजिक सम्बन्ध परिवर्तनको स्थिति

तालिका नं. १२

| | ठाडो र चर्को दमन छैन | दमन हटेको छ | जम्मा |
|---|---|---|---|
| ब्राह्मण बुद्धिजीवीहरू | १४ (९३.३४) | १ (६.६६) | १५ (१००) |
| जनजाति बुद्धिजीवीहरू | १३ (८६.६६) | २ (१३.३३) | १५ (१००) |
| दलित बुद्धिजीवीहरू | १३ (८६.६६) | २ (१३.३५) | १५ (१००) |
| जम्मा | ४० (८८.८८) | ५ (११.१२) | ४५ (१००) |

(स्रोत : स्थलगत सर्वेक्षण - २०७२)

बुद्धिजीवीहरू जम्मा ४५ जनामा ४० जना अर्थात ८८.८८ प्रतिशतले दमन हटेको राय व्यक्त गर्दछन् । ११.१२ प्रतिशतले उस्तै दमन रहेको पाइयो । यसबाट दमनात्मक सम्बन्ध हट्दै गएको र परिवर्तनमुखी सम्बन्धमा परिवर्तन भएको तथ्य उक्त आकडाबाट पाइन्छ । साथै अगाडि गएका अध्ययनका आँकडाबाट पनि दलित-गैर दलित अन्तरसम्बन्धमा फरक परेको देखिएको छ ।

७.३ साँस्कृतिक सम्बन्धका परिवर्तनहरू :

दलित गैरदलित बीचको साँस्कृतिक सम्बन्ध, अवस्था र परिवर्तनबारे गरिएका अध्ययनहरू अगाडिका अध्यायहरूमा प्रस्तुत भैसकेको छ । जसअनुसार एउटै धर्मका अनुयायी भनिए तापनि विभेदपूर्ण सामाजिक, आर्थिक र राजनीतिक स्थितिहरूसमेतले गर्दा दलित र गैरदलित अर्थात् यस लक्ष्मीनगर - ०५, धनरास गाउँका दलित र गैर दलित बीचको साँस्कृतिक विशिष्टता परम्परागत उचनीच र छूवाछूतजस्ता अमानुषिक साँस्कृतिक सम्बन्धमा प्रतिविम्बित भएको पाइन्छ ।

कुनै पनि धार्मिक एवं पूजाआजा र तीर्थ व्रतका कार्यको सवाल होस्, चाडपर्व मान्ने वा जन्म मृत्यु संस्कार र आस्थाको सवाल होस्, वा जीवनशैली, रीतिरिवाज सुधबुझ र समझदारीको सवाल होस्, दलितहरूद्वारा गरिए, गराइएमा गैरदलितहरू त्यसको खासै वास्ता राख्दैनन् । कहिलेकाहीं आपसमा निम्तो साटासाट गर्नु पर्ने भए तापनि यसल गैर दलितहरूको मनमस्तिष्कमा काइसलाग्दो र दलितहरूका मानसिकतामा हीनताबोधले भित्रभित्रै चिमोटेको बताइन्छ । यद्यपि आजको फुकेको सामाजिक मानसिकतामा यस्तो लागे पनि हिजोको साँगुरो जमानामा अचेतनाको कार्यले गर्दा यस्तो कुनै हीनताबोध नभएको पनि केही बूढापाका दलितहरूले बताएका थिए ।

उत्पीडन गर्ने र उत्पीडित हुनुपर्ने विशेषता बोकेको साँस्कृतिक सम्बन्धले गर्दा र छुवाछूत जस्तो उच नीचको भेदभावले ग्रस्त संस्कृतिले गर्दा पनि दलितहरूको

जीवन स्तर र जीवनशैली धराशायी बन्न गएको स्थितिको यथार्थ समाजसामु रहेको देखिन्छ ।

तर पनि सामाजिक दायरा जति जति फराकिँदै आउँछ उति नै संस्कृतिका सङ्कीर्णताहरू खुम्चिदै गएर घरपरिवार र व्यक्तिमा सीमित हुनपुग्छन् र अन्तमा व्यक्तिको मगजबाटै हराउँछन् । आजको स्थितिमा यी छुवाछूत र उचनीचको कटु संस्कृतिहरू पनि शहरहरूबाट र शिक्षित मानसिकताबाट हराउँदै जाँदै छन् र अशिक्षित गँवार गाउँठाउँ र अशिक्षित मगजहरूमा मात्र आश्रय लिंदैछन् । यसले गर्दा यी कटु संस्कृतिहरूमा क्रमिक परिवर्तनहरू भएको राय बुद्धिजीवीहरूको रहेको थियो ।

कस्ता साँस्कृतिक परिवर्तन भएका छन् ? कुन परिणाम ल्याएको छ ? के अनुभव भएको छ ? भन्ने बारे दलितलाई बुझिएको थियो । उनीहरूका अनुसार अहिले उचनीच भनेर जथाभावी झ्यास्सै बोल्न हेप्न नसक्ने, बाहिर फेरोमा छोइछिटो बारन नगर्ने र नसक्ने, भट्टी पसल र होटलहरूमा प्रायशः छुवाछूत र प्रवेशनिषेध नरहने, आफ्नो इच्छा नभए आफै तर्कने साँस्कृतिक स्थितिको विकास भएको बताइन्छ । त्यस्तै बोलीचालीमा लवाइखवाइमा, हिँडडुल र बसाउठीमा जुन भेद थियो, त्यसमा सामान्यतया समानता आएको र सरलता छाएको बताइन्छ । यी कुराहरू गैरदलितहरूलाई बुझ्दा पनि पूर्णरूपले स्वीकार गरिएको थियो ।

यसबारे बुद्धिजीवीहरूसँग लिइएको राय निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

साँस्कृतिक सम्बन्ध परिवर्तनको स्थितिहरू

तालिका नं १३

| | छुवाछूत र उचनीच चल्तीमा परिवर्तन | छुवाछुत प्रथा गाउँघरमा उस्तै रहेको |
|---|---|---|
| ब्राह्मण बुद्धिजीवीहरू | ११ (७३.३४) | ४ (२६.६६) |
| जनजाति बुद्धिजीवीहरू | १३ (८६.६६) | २ (१३.३४) |
| दलित बुद्धिजीवीहरू | १० (२२.२२) | ५ ११.१२ |
| जम्मा | ३४ (७५.५५) | ११ (२४.४५) |

(स्रोत : स्थलगत सर्वेक्षण - २०७२)

तालिकामा ७५.५५ प्रतिशत बुद्धिजीवीहरूको अनुभव र बुझाईमा उचनीच र छुवाछूत प्रथामा परिवर्तन आएको बताइएको छ भने परिवर्तन नभएको राय २४.४५ प्रतिशत बुद्धिजीवीको छ । त्यस्तै बढेको भन्नेमा ० प्रतिशत भएकाले साँस्कृतिक सम्बन्धमा परिवर्तन भएको ठम्याउन सकिन्छ । तर धेरैजसो बुद्धिजीवीहरूले सो परिवर्तनको आधार शहरबजार र सार्वजनिक स्थलहरूलाई बनाइएको बुझिन्छ । जेहोस् दलित गैरदलित साँस्कृतिक सम्बन्धमा गाउँमा समेत केही कमी वेशी परिवर्तन भएको यथार्थलाई मान्नु पर्दछ । बुद्धिजीवीहरूको रायअनुसार समयक्रममा विस्तारै गाउँबाट हटेर घरपरिवार र अन्तमा घरपरिवारबाट पनि यो जातीय छुवाछूतको संस्कृति मेटिएर जाने राय व्यक्त गरिएको थियो ।

७.४ जातीय सम्बन्धका परिवर्तनहरू :

दलित र गैर दलितहरूबीचको जातीय सम्बन्ध दलित र गैरदलितको अवस्थामा रहेको कुरा सर्वविदित छ । ब्राह्मणहरूलाई सर्वोच्च जात र दलितहरूलाई सानो निम्न र नीच तथा अछूत जात भनेर भनिन्छ । हिन्दू धर्मले युगौंदेखि समाजमा यही छाप पार्दै र अभ्यस्त गर्दै ल्यायो र कमीवेशी अहिले पनि स्थिति उही छ । यो उल्टो र विरोधी सम्बन्ध हो । यस सन्दर्भमा डा. विश्वकल्याण पराजुलीका शब्दमा यसरी भनिएको छ -

"…. एउटा मानिसले आवश्यक परेर वा संयोगवश छोइँदा चोखिनको लागि जल छर्केर छिटो हाल्ने वा सुनपानी खाने, गङ्गा स्नान गर्ने प्रचलनलाई आधुनिक सभ्य समाजको कलङ्क सिवाय के नै भन्न सकिन्छ र ? अशिक्षा, गरिबी र बेरोजगारीको चपेटामा परेका अछूत जातिहरू उच्च जातिको शोषणका कारण बाध्यात्मक स्थितिले गर्दा इसाई धर्ममा समेत आकर्षित बन्न पुगेका छन्" (समानता - २०५० : २७) ।

यही प्रसङ्ग दलितहरूलाई राख्दा उनीहरूले भने - "के थर वा के जाति ?" भनिने र सोधिने अनि कामी, सार्की, दमाइ वा वादी भनेपछि उसलाई सहज र स्वाभाविक रूपमा हेप्न, दमन गर्न र अपहेलना गर्न पाइने र सकिने अमूर्त लाईसेन्सको नाम नै नेपाली समाजमा गैरदलित हुनु हो ।" त्यसमा पनि ब्राह्मणहरूले त आफूहरूलाई जातपातको सर्वोच्च स्थानमा राखेका हुनाले दलितहरूप्रति अघोर तिरस्कार गर्ने बताइएको थियो । यद्यपि समय परिस्थितिका परिवर्तनले गर्दा उक्त अवस्था र व्यवहारमा परिवर्तनहरू पनि समय र स्थितिले नयाँ मोड लिएको बताइको थियो ।

लक्ष्मीनगर-०५, धनरास गाउँमा पनि दलित र गैर दलितहरूबीचको साइनु दलित गैरदलितकै रहेको छ तर हालसम्म आउँदा समाजको साइजमा जुन रूपमा वृद्धि र विकास हुनसकेको छ, त्यही अनुपातमा जातीय सम्बन्धहरू पनि धरापमा पर्दै गरेको दलित र गैरदलितहरुबाट बताइयो । जातिगत इलम, पेशा, भेषभूषा, खानपान, रहनसहन, विवाह, शिक्षादीक्षा, भाषा र जीवनशैली जस्ता जीवनका समस्त आयामहरूमा

परम्परागत जातीय छेकबारहरू गुम्दै गएकाले तथा जातका आधारमा मात्रै निन्दा-चर्चो गर्ने स्थिति नरहेकाले पनि जातपातको चर्चो गर्ने छुद्रतामा कमी भएको र केही परिवर्तन महसूस भएको भनेर उनीहरूद्वारा बताइएको थियो ।

यस सम्बन्धमा लक्ष्मीनगर - ०५, धनरास गाउँका दलितहरूलाई विशेष रूपमा बुझ्दा जातकै आधारमा पहिले पहिल्यै झैं अहिले त्यति खप्की खानु नपर्ने र सास्ती काट्नु नपर्ने गरी स्थितिमा सुधार भएको र आफ्नो औकात बनाउन सके कुनै कामकुरा र व्यवहारहरू गर्न रोकि नै परिहाल्ने स्थिति नरहेको उनीहरू बताउँछन् । उनीहरूले अझै भने - "त्यस्तै शिक्षादीक्षामा पढ्न-बढ्न सके र देश-विदेशमा सर्भिस गरेर धनआर्जन गर्न सके सानो जात भनेर साहै्र हेपिनु नपर्ने जस्तो लागेको छ ।"

केही बुद्धिजीवीहरूसँग लिइएको यस सम्बन्धको अन्तरवार्तामा उनीहरूले जीवनका आयामहरू र समाजको दायरा फराकिलो हुँदै जाने क्रममा जातपातको कठोर र कट्टर सम्बन्धका सीमाहरू हराउँदै जाने विचार व्यक्त गरेका थिए । साथै यसबाट दलितहरूमा पनि नवजागरणको उदय भएको र यी जागरणहरू शहरबजारबाट गाउँको बाहिरी तहसम्म पुगी सकेकोले भित्री तहमा पुग्न मात्र अब बाँकी रहेको र यो पनि ढिलोचाँडो पुग्ने निश्चित टिप्पणी गरेका थिए ।

लक्ष्मीनगर - ०५, धनरास गाउँका दलितहरू स्वयम्ले धेरैजसो जातगत वाली प्रथामा सिलाउने, हलीबस्ने कार्यमा धेरै नै कमी ल्याएको बताउँछन् । छोराछोरीहरूलाई स्कूल पढाउँछन् । अन्तरजातीय विवाह पनि गर्छन् र सार्वजनिक सभा र भेलाहरूमा उपस्थित पनि हुन्छन् र यस्ता कार्यहरूलाई उनीहरूले जातीय सम्बन्धमा भएका परिवर्तनको अर्थमा बुझेका छन् । किन भने पहिले कतिपय यस्ता कार्यहरू र अवसरहरू उनीहरूलाई जातका कारणले वर्जित भएको कुरा उनीहरूले बताएका थिए । गैरदलितहरूले पनि जातीय विभेदमा धेरै नै फरक परिसकेको राय दिएका थिए ।

७.५ राजनैतिक सम्बन्धका परिवर्तनहरू :

दलित गैरदलितबीचको राजनीतिक सम्बन्ध शासक र शासित जातिको रूपमा रहेको छ । ब्राह्मणहरू दलितका लागि क्रूर र स्वेच्छाचारी शासकको रूपमा सावित गरिएका छन् । धर्मशास्त्रलाई शिरमा राखेर त्यसका आधारमा दलितहरूलाई एकछत्र क्षतविक्षत रूपमा सासना दिने र त्यो सासनालाई शिरोपर गरी वेहोर्न विवश हुने शासित र विवश पार्ने शासकबीचको परम्परागत सम्बन्ध नै दलित र गैरदलितबीच राजनैतिक सम्बन्ध रहेको छ । यस सम्बन्धमा अधिवक्ता टेकनारायण कुँवरको भनाइ यसप्रकार रहेको छ -

“मूलतः नेपालको राजनीति कथित उच्च जातिका मानिसहरूद्वारा नै सञ्चालित छ । दलितहरू नेतृत्व तहमा पुग्न सकेका छैनन् । योजना नारामा मात्र सीमित छन् । दलितहरू अत्याचार, कुटपिट, यातना, बलात्कार अन्तर्जातीय विवाहको अस्वीकृति, झूठा आरोप आदि सहन विवश छन्” (कुँवर - २०६३ : २६६) । यसरी नै “राजनीतिक पार्टीले चुनावको बेलामात्र भोटको लागि यिनीहरूलाई विभिन्न प्रलोभन देखाएका हुन्छन् । घोषणापत्रमा दलित तथा महिलाहरूलाई सशक्तीकरण गराउने विविध सीपमूलक कार्य गराउने रोजगारी दिने जस्ता कुरा लेखे पनि व्यवहारमा लागू गरेको पाइँदैन” ( मरिक - २०६३ : २३३) ।

लक्ष्मीनगर - ५, धनरास गाउँका दलित र गैर दलितहरूमा उक्तअनुसार नै सीधा सम्बन्ध कायम रहेको देखिन्छ । हिजोको कुरा होइन, आज पनि स्थानीय तहको कुनै पनि राजनीतिक निकायमा दलितहरू सहभागी हुन सकेको पाइएन । साथै अहिले सम्म उनीहरूलाई राजनीतिबारे केही थाहा नभएको पनि बताइयो । अहिले आएर विभिन्न पार्टीका दलित आरंक्षण कोटामा दुई तीनजना दलितलाई गाउँ कमिटीमा राखिएको बताइयो ।

तर हालमा सनसनीपूर्ण भइरहेको राजनैतिक माहौलबाट आफूहरूमा पनि केही जागरण अनुभूत भएको कुराले राजनैतिक कारणबाट आफूहरू लाभान्वित भएको महसुस उनीहरूले गरेका छन् । गैर दलितहरूबीचको राजनैतिक जुधाइ र राजनैतिकमय

वातावरणले गर्दा नै आफूहरूलाई ठाडो दमन हुन नसकेको भन्ने बुझाइ उनीहरूमा रहेको पाइन्छ । साथै हालको राजनीतिक माहौलका कारण आफूहरूमा त्यसबारे केही चासो लाग्न थोलेको कुरा पनि उनीहरूले गरे । तर गैर दलितहरूमा भने अहिले पनि राजनीतिक एकाधिकार रहेको कुरा उनीहरू स्विकार्दछन् । तर वर्तमानको संक्रमणीय र उग्रवादी राजनैतिक चरित्रबाट उनीहरूमा भय र आशङ्का भने छाएको बताइयो ।

७.६ आर्थिक सम्बन्धका परिवर्तनहरू :

लक्ष्मीनगर - ५, धनरास गाउँका दलित र गैरदलितहरूबीचको आर्थिक सम्बन्ध पारस्परिक कृषिप्रणाली अन्तरगतको आर्थिक सम्बन्ध रहेको देखिन्छ । गैरदलितसँग धेरै जमिन हुने र दलितसँग जमिन धेरै कम हुने भएकाले गैरदलितहरू भूमिपति र दलितहरू एक किसिमको भूदासको जस्तै सम्बन्ध राख्दछन् । अनि यसैअनुसार परम्परागत बाली प्रथा, हली प्रथा कायम रहेका छन् । यी प्रथाहरू अहिले पनि मौजूद नै छन् । तर अहिले अलि भिन्न परिस्थितिका कारण भने परम्परागत कृषिप्रणालीलाई विस्थापन गर्दै अघि बढ्दै गरेको आर्थिक विकासमा देखापरेका उद्योग धन्दा, कलकारखाना, कारोबार, व्यवसायहरू र त्यसबाट सिर्जिएका विविध रोजगार व्यापारीकरण, विविधीकरणले गर्दा गैर दलितहरू विविध सेवा जागिर, पेशा व्यापार व्यवसाय र उद्योग धन्दामा लागेका देखिन्छन् भने दलितहरू पनि एवंरीतले बालीप्रथा, हलीप्रथा जस्ता पुरानो आर्थिक सम्बन्धहरूलाई लत्याउँदै, दोकान गर्ने देशविदेशमा जागिर खाने, गाउँमा सम्भव भएका सानातिना ठेक्कापट्टा गर्ने जस्ता कार्यमा संलग्न भएका देखिन्छन् ।

यसले गर्दा पुरानो चरम आर्थिक शोषणको भूदासताबाट दलितहरूले केही हल्का-फुल्का अनुभूति भएको बताएका थिए र यसले परम्परागत आर्थिक सम्बन्धलाई विस्तारै नयाँ आर्थिक सम्बन्धमा सङ्क्रामण गराइरहेको पनि बताइएको छ । यो एक परिवर्तन हो आर्थिक सम्बन्धबीच; किनभने यसले कृषितन्त्रको अघोर श्रमशोषणलाई विस्थापन गरी नयाँ पूँजीवादी ढङ्गको आर्थिक सम्बन्धको सूत्रपात गरेको देखिन्छ ।

यो नयाँ सम्बन्ध पनि शोषणमा नै आधारित छ तापनि यो सम्बन्ध केही मात्रामा उछारिलो भएका हुनाले ज्यालादारी सिलाउने, देशमा वा विदेशमा जागिर गर्ने, गाउँघरका टकान-टुकुनका आर्थिक लाभका काम गरी घडेरी खरिद गरी घर बनाउने, सफासुग्घर बस्ने, आफ्नै वस्तुभाउ पाल्ने, बन्धकी वा राजीनामा जग्गा लिने गर्न थालेको कुरा दलितहरूले बताए । यो आर्थिक सम्बन्धले दलितहरू गैरदलितहरूको आजीवन हली हुने, बालीमा सिउने हरदिन दुःखजिलो गर्ने जस्ता कार्यहरूबाट धेरथोर मुक्त भएको अनुभव उनीहरूले सुनाए । यो उनीहरूको भनाइमा ठूलो आर्थिक फड्को हो र श्रमशोषणबाट कमी वेशी मुक्त हुँदैछन् पनि । आर्थिक सम्बन्धमा आएको यो उनीहरूका लागि एक उदाहरणीय परिवर्तन हो भन्ने कुरा उनीहरूले बताउँछन् । साथै गैर दलितहरूले पनि यस कुरालाई पूर्ण स्वीकार गरेका थिए । खेतीबालीको तौरतरीका पुरानै रहे पनि बाउसे खेताला र ज्यालादारीमा काम गर्नेकै तहमा चल्नु पर्ने स्थिति भएकाले आर्थिक अवस्था र सम्बन्धमा धेरै फरक परेको कुरा गैरदलितहरूले गरे ।

## ७.७ दलित र गैर दलितहरूबीच जातीय समानताका पक्षहरू

दलित र गैर दलितहरूदुवैले खेती किसानीको पेशा गर्छन् । पहिले ब्राह्मणहरूले हलो जोत्न नहुने भनिथ्यो । हाल आएर ब्राह्मणहरूले पनि हलो जोत्छन् र यसमा जातीय समानता देखा परेको छ । हलो ब्राह्मणले जोत्न नहुने मान्यता हटेको छ । हालमा गैर दलितहरू पनि स्वदेशका साथै विदेशमा नोकरी गर्न जाने र दलितहरू पनि स्वदेश तथा विदेशमा गै नोकरी गर्ने कार्य गर्ने हुनाले जातीय समानता रहेको छ । विदेशमा कार्य गर्न कुनै जातीय विभेद देखिन्न । आ-आफ्नो औकातअनसार गाउँमा वा शहरबजारमा उद्योग धन्दा र व्यापार व्यवसाय दलित र गैर दलित दुवैले गरेका देखिन्छन् र जातीय समानता कायम हुँदै गएको छ । दमाईले मात्र कपडा सिलाउने भन्ने जातीय पेशा आज गैर दलितहरु र अरू सबैको साझा पेशा बन्न गएको छ । गाउँमा नै सिलाइ बुनाइ तालिम गृह खोलेर ब्राह्मण-ब्राह्मणीहरूसमेत सो पेशामा संलग्न रहेकाले पेशामा जातीय समानता कायम हुनगएको छ ।

गाउँमा गरिने डकर्मी, सिकर्मीको काम हाल दलित र गैर दलित दुवैले गर्नाले पनि जातीय समानता देखिन्छ । पेशामा र रोजगारमा जातीय समानता कायम भएको छ । साथै खानपीनमा पनि मतवाली र तागाधारीको विभेद हटेको छ । दलित र गैर दलित जो कसैले पनि स्वेच्छाले रक्सी र जुनसुकै पेय तथा सिकार र भक्ष खाने हुनाले पनि जातीय भेद रहेको छैन । गाउँमा भएका विद्यालयमा दलित र गैर दलित दुवैका छोराछोरीहरूले सँगै पढ्छन् र पढाउनेसमेत गर्ने हुनाले शिक्षा रोजगार र अवसरहरूले गर्दा समानता कायम गरी दिएको छ । यस्तै अस्पताल, हुलाक, विद्यालय, बिजुली अफिस वा अन्य कार्यालयमा दुवैथरले समान व्यवहार र सेवा प्राप्त गर्छन् । जसले गर्दा पनि जातीय समानता नै कायम भएको छ । धर्मकर्म, चाडपर्व, रीतिस्थिति, संस्कारसंस्कृति, आस्था र विश्वास दलित र गैर दलित दुवैको एउटै छ । रहन-सहन सोचविचार उस्तै छ । वर्त गर्ने, पूजाआजा गर्ने, देवीदेवताको मन्दिरमा जाने, तीर्थधाम गर्ने, भूतप्रेत, डाइनी, बोक्सीप्रति विश्वास गर्ने प्र्वृत्ति दुवैमा रहेको छ । एउटै प्रकृति आस्था र विश्वासले पनि उनीहरूमा जातीय समानता रहेको स्पष्ट गरेको छ ।

पहिरन, भेषभूषा र खानपानमा समानता छ । कुनै जातीय विशिष्टता छैन, आनीबानी एउटै छ र प्रवृत्ति एउटै हुनाले पनि दलित र गैर दलितमा जातीय समानता देखिन्छ ।

सँगसँगै बजार जाने, मेलापात गर्ने, दुःख-सुख बाँड्ने, एक अर्काको भावना बुझ्ने एकै परिवेशमा चलखेल गर्ने र एकैखालको चेतना र चरित्र बोकेका हुनाले पनि उनीहरूमा जातीय समानता देखिन्छ । शारीरिक होस् वा मानवीय ढङ्ग होस् एकै खालको छ र त्यसले उनीहरूमा जातीय समानता कायम गरेको छ ।

भाषा र बोलीचालीमा समता छ, साइनु सम्बन्ध एकै प्रकारको छ । नातागोताप्रतिको निष्ठा, आदरभाव र व्यवहारको एउटै शैली छ । अनूनय-विनय उही छ । जसले गर्दा आजको स्थितिमा दलित र गैर दलितमा जातीय समानता उघारिएर आएको छ ।

पहिलेजस्तो कट्टर जातविजातका कुरा आजको समानतामा अट्न सकिरहेका छैनन् । विवाहमा जुनसुकै जातविजातको पनि विवाह हुन पाउने तथा शिक्षा, स्वास्थ्य, धर्मकर्म, पेशा, रोजगार, लवाइ खवाइ, आवतजावत, बसाइसराइ नागरिक एवं मानव हक अधिकारजस्ता स्वतन्त्रता र समानताका पक्ष र कानूनहरूले पनि दलित र गैर दलितहरूलाई जातीय समानतामा ल्याइदिएका छन् ।

७.८ दलित र गैर दलितबीच जातीय असमानताका पक्षहरू

माथिका कतिपय अवस्थाहरू र कारणहरूबाट जातीय समानता देखिएको भए तापनि कतिपय अवस्थाहरूमा दलित र गैर दलितहरूमा जातीय असमानताहरू कायम रहिरहकै छन् । यस्ता कतिपय असमानताहरू अगाडिका परिच्छेदहरूमा उल्लेख गरिसकिएको छ । वास्तवमा स्वरूप र सामान्य माहौल समानतामा रहेको देखिए तापनि कतिपय विशिष्ट पक्षहरूमा असमानताहरू कायम रहेका छन् । जस्तै :

जीविकाको सवालमा दलित र गैर दलित दुवैले खेती कृषिमा कार्य गर्ने दुवैले हलो जोत्ने जस्ता समानता भए पनि गैरदलितसँग आफ्नो पर्याप्त स्रोत र जमीन छ तर दलितसँग जमीन र स्रोतधेरै कम छ । जसले गर्दा गैर दलित जमीनवाला र दलित जमीनहीन छन् । अर्थात् अध्ययन सम्बन्धित गैरदलितहरू सम्पत्तिवाला छन् । दलित सम्पत्तिहीन छन् । यसले जातीय असमानतालाई बलियो बनाइरहेछ । गैरदलित सम्पत्ति, हैसियत र सुविधाले सम्पन्न छन् । सबल, सशक्त र सक्षम छन्; तर दलितहरू कमजोर र हैसियतहीन छन् । यो हिजैदेखिको वर्णाश्रम व्यवस्थाको परिणतिले गर्दा नै भएको हो र अहिलेसम्म पनि असमानता विद्यमान छ । गैरदलितहरूमा हिजैदेखिको ज्ञान, मान, इज्जत र प्रतिष्ठा कायम छ । दलितहरूमा यी सबैको अभाव छ; प्रतिष्ठाहीन छन् । जाति भेदको हीन मानसिकताले अझै पनि पीडित छन् ।

हालको समावेशी नारा र आवाज पनि कुनै सशक्त भूमिकाको लागि भएको छैन र खाली कोटा पुरा गर्नका लागि मात्र भएको छ । अहिले जातीय छुवाछूतले घर गाउँ र

शहरबजार, सार्वजनिक र निजी मामलाको भेद लिएको छ। यस अर्थमा कुनै न कुनै रूप र आडमा यो असमानता बाँचिनै रहेको छ।

गैर-दलितहरूमा जातीय उच्चताको सामाजिक मान्यता कायमै देखिन्छ । दलितहरूमा जातीय हीनभावको सामाजिक मान्यता पूर्णतः लोप भएको छैन । गैर-दलितहरू धर्माधिकारी ठानिन्छन् र पूजापाठ गर्न, मन्दिर देवलमा पुजारी बन्न र प्रवेश गर्न खुल्ला छन् । दलितहरू यस अवस्थाबाट अहिले पनि यहाँ वञ्चितै गरिएका छन् । गैर-दलितहरू जातीय रूपमा समाजमा खुला र स्वतन्त्र छन् । तर दलितहरू नियन्त्रणभित्र छन् ।गैर-दलितहरूको परिस्थति फराकिलो र अग्रगामी छ । दलितको परिस्थिति धेरै साँगुरो र पिछलग्गू देखिन्छ।

गैर-दलितहरू अछूत मानिदैनन, बरु उनीहरूबाटै दलितहरू अछूत गराइएका छन् । गैर-दलितको भुमिका शोषण, दमन र शासकीयको छ भने दलितहरू त्यसै भूमिकाभित्र शोषित, दमित र शासित रहेका छन्। गैर-दलितहरूमा जातीय अहम्मन्यता छ, एकता छ, शिक्षा र सभ्यता छ, समाजको प्रत्येक क्षेत्र र पहलुमा वर्चस्व स्थापित छ तर दलितहरूमा हीनताबोध र उदासीनता छ। शिक्षा-साधन स्रोत र सचेतनाको कमी छ।

दलित र गैर-दलितहरूका बीच समानता र असमानताका पक्षहरूलाई हेर्दा समानता जातीय र असमानता वर्गीय जस्ता लाग्दछन् । तर नेपाली समाजनै जातिवादी समाज भएकाले जातीय आधारमा नै वर्गीय चरित्र उतार्दै र उत्रिँदै आएको पाइन्छ। परम्परादेखि नै यस प्रकारको सामाजिक पृष्ठभूमि स्थापित र तयार भई आएकाले अध्ययन क्षेत्रका दलित र गैर-दलितहरूका कतिपय स्थिति र अवस्थाहरू साविक रूपमै कायम छन्। जसले गर्दा यी असमानताहरू वर्गीय भएर पनि जातीय आधारमा उभिएका छन् । अतः आज जुन समानताहरू दलित र गैर-दलितहरूबीच रहेका छन् ती स्वरूपमा छन् र असमानताहरू सारमा रहेका छन्।

विभिन्न परिच्छेदका विभिन्न शीर्षकहरूबाट अध्ययन क्षेत्रको अवलोकन र प्राप्त तथ्याङ्कहरूको आधारमा दलित र गैर-दलितहरूको स्वरूपीय ढाँचामा परिवर्तन आएको देखिन्छ । स्वरूपमा आएको यस परिवर्तनले गर्दा उनीहरूको जातीय अन्तरसम्बन्धका कतिपय मौलिक कुराहरूमा पनि फेरबदल ल्याएको छ । जस्तै : छोइनै नहुने दलितहरूसँग सँगै बस्नु, हिंडडुल गर्नू, सहयात्राका साथै सँगै खानु पिउनु, मदिरा पिउनै नहुने गैरदलितहरूले मदिरा सेवन गर्नु, खेतमा हलो जोत्नु, दलितहरूको मात्र जातीय पेशा मानिंदै आएको सिलाउने इलम गैर-दलितहरूले पनि गर्न थाल्नु, भेटघाटमा हात मिलाउनु, गैर-दलितहरूका चियापसल, भट्टीहोटलहरूमा प्रवेशनिषेध नहुनु, खानपान र बसाउठमा समान व्यवहार हुनु सँगसँगै शिक्षादीक्षा गर्नु तथा कार्यालयहरूमा सँगसँगै काम गर्नु र विवाह गर्न जातिभेद नरहनु जस्ता सम्बन्धहरू स्वरूपीय परिवर्तनबाटै भएका छन् ।

अब अगाडि जति असमानताहरू सारको रूपमा रहेका छन् । ती सबै उदाङ्गिएर स्वरूपमा आइमिल्ने अवस्थामा छन् । किनभने जुन सारभूत कुरा अहिले बाँकी छन् ती पुराना छन् र नयाँ स्वरूपमा प्रवेश गरी नयाँ सारमा परिवर्तन हुँदैछन् । अतः अध्ययन क्षेत्रका दलित र गैर-दलितमा देखिएका उपर्युक्त तमाम असमानताहरू समानतातर्फ उन्मुख हुँदैछन् । किनभने गैर-दलितहरूले झैं दलितहरूले पनि शिक्षादीक्षामा लागेका छन् । नोकरी, इलम, धन्दा र पेशामेसामा अगाडि बढ्दैछन् । आर्थिक निर्भरता कायम गरी स्वावलम्बीपनको विकास गर्दैछन् । जातीय हीनभावबाट माथि उठेर सामाजिक सीमाभित्र प्रवेश गर्दैछन् । अवलोकन र कतिपय तथ्यहरूले यो प्रष्ट पारेका छन् । यद्यपि जातीय समानता कायम गरी सभ्य समाजको निर्माण गर्न यसक्षेत्रको हकमा सम्बन्धित सबै पक्षहरू प्रयासरत रहनु आवश्यक देखिन्छ । वास्तवमा सार भनेको जीवनका आधारभूत आवश्यकताहरू नै हुन् र यो पक्ष सबल हुँदै जाँदा स्वरूपीय ढाँचामा स्वभावतः रूपान्तरित हुन आउँछ र हाम्रो चासोको विषय पनि यही सन्तुलित समाज विकासको प्रयत्नको लागि रहनेछ ।

परिच्छेद : आठ

# सारांश र निष्कर्ष

## सारांश

लक्ष्मीनगर - ०५, धनरास गाउँका दलित र गैर-दलितहरूका अवस्था सम्बन्ध र परिवर्तनबारे अध्ययन गर्दा उनीहरूका बीच फरक र विरोधी सम्बन्ध रहेको देखिन्छ । जातीय उत्पीडनको सवालदेखि लिएर जीवन अवस्था र जिउनुका विभिन्न पहलुहरूमा भिन्नता र फरक रवैया अपनाएको पाइन्छ । गैर-दलितहरूले यी भिन्नतालाई पारलौकिक ब्रह्मसत्य र इहलौकिक भौतिक दमनको रूपमा व्यवहार गरेको बुझिन्छ, तर सारमा चाहिं पारलौकिक ब्रह्मसत्य मिथ्या र आर्थिक र श्रम तथा मानवीयताको शोषणमात्र एक भौतिक सत्य देखिन्छ । अतः जातपातको व्यवस्था दैविक नभएर सामाजिक भएको स्पष्ट छ ।

हिन्दूधर्मको जात-पातको व्यवस्था र अन्य धार्मिक क्रियाकलाप र व्यवहारहरू सबै तथ्यहीन शोषणकारी र मानवीय अपहेलनामा आधारित रहेको यथार्थ अगाडिका परिच्छेदहरूमा उद्धृत गरिएका विद्वानहरूका भनाइ ले नै स्पष्ट गरेको छ । अत्याधुनिक प्रगतिको युगमा समेत नेपालमा जातपातको कुण्ठित वातावरणमा दलित मानिसहरू साँच्चि नै निस्सासिएरै बाँचेका छन् ।

अहिले पनि दलितहरूसँग जीवन उपयोगी न स्रोत छ न साधन छ, न निश्चित रोजगार छ, न इर्द-गिर्द श्रमको समुचित मूल्य छ, न त वेलाबखत बनेका तत्सम्बन्धि ऐन कानून, विधिविधान र व्यवस्थाले नै उनीहरूको वास्तविक जीवनलाई छोएको छ । न उनीहरूलाई नै यस्तो कुनै आभास भएको छ । जिउनुको अर्थ समाजको छायामा सीमान्तकृत् बनेको छ । गैरदलितहरूका हातमा पूरै ग्रामीण अर्थतन्त्र रहेको छ । जसले गर्दा सामाजिक संस्कृति र सभ्यता उनीहरूको कब्जामा छ र दलितहरू

पूर्ण रूपले शोषित अछूत र पीडित रहेका र गैर-दलितहरू शोषक, शासक र स्वतन्त्र रहेका पाइन्छन् ।

यसले गर्दा अध्ययनकेन्द्रित यस लक्ष्मीनगर - ०५, धनरास गाउँका गैर-दलितहरूले आफूहरूलाई सभ्य र उच्च जात, धनीमानी र प्रतिष्ठित भएको सोझो अनुभव गर्दछन् भने त्यसको उल्टो दलितहरू आफूहरूलाई सम्पत्तिरहित, सानो, अछूत, दीनहीन, असभ्य, शोषित पीडित, असुरक्षित र निरीह भएको अनुभव र बुझाइ राख्दछन् र स्थिति पनि यहीं नै देखिन्छ । अद्यपि गैर-दलितहरू दलितहरूप्रति अपेक्षाकृत सकारात्मक देखिंदैनन् र पुरातन नकारात्मक सोचबाटै बढी अभिप्रेरित रहेको हुनाले गैर-दलितहरू र दलितहरूका बीच देखिने बाह्य जुन स्वरूप छ आन्तरिक अवस्थामा रहेको विरोधी सम्बन्ध र बाहिरी स्वरूपमा देखिएको भित्री सारको उजागर हो भन्ने स्पष्ट बुझिन्छ । यो सम्बन्ध परस्परविरोधी शोषणमा आधारित सम्बन्ध रहेको छ । जुन सम्बन्ध अछूत जात-पातमा उजागर भएको छ । हिन्दूसमाजको सबैभन्दा ठूलो दुष्कर्म यही भएको बुझिन्छ ।

गैर-दलितहरूले दलितहरूमाथि आफूहरूबाट अन्याय भएको स्वीकारदैनन् । उनीहरूले बरु उनीहरूको भलै गरेको बताउँछन् । तर कुरा सत्य देखिंदैन । सत्य कुरा उनीहरूका बीचको जीवन स्थिति अवस्था र व्यवहारबाट पत्ता लाग्दछ । उनीहरूले भन्नु स्वाभाविक हो, एकखाले चेतनाको कुरा हो । तर उनीहरूका त्यही चेतनाका आधारमा सामाजिक सम्बन्धलाई निरूपण गर्न मिल्दैन; किनभने “कुनै पनि व्यक्तिबारे हाम्रो विचारधारा त्यस व्यक्तिले आफूप्रति सोचेको कुरामा आधारित हुँदैन । यसको विपरीत भौतिक जीवनका अन्तरविरोधहरूको आधारमा सामाजिक उत्पादक शक्तिहरू र उत्पादन सम्बन्धबीच भएका तत्कालीन विरोधका आधारमा यस चेतनाको व्याख्या गरिनु पर्छ ।” (मार्क्स) यी हरफबाट गैर-दलितहरू र दलितहरूबीचको अन्तरविरोधी सम्बन्धहरू स्पष्ट हुन्छन् । यसको पुष्टि उनीहरूको जीवनावस्था र व्यवहारले गरेको छ ।

अब अगाडि एउटा सार निकाल्नु छ । त्यो सार यिनै दलितहरू गैर-दलितहरूबीचको सम्बन्धमा हुँदै र देखापर्दै आएका परिवर्तनहरू र हुँदै जाने परिवर्तनहरू हुन् । सारकै रूपमा भन्दा दलित र गैर-दलितहरूका सम्बन्धहरू जुन हिजो थिए, कडा थिए, कठोर र कट्टर थिए, तिनमा खुकुलो पन आएको पाइन्छ र अब अगाडि अरू नरम हुँदै जाने प्रक्रियामा देखिन्छन् । यस पक्षमा देशभर आम राजनैतिक वृत्तमा आवाज गुञ्जायमान छ एकातर्फ भने अर्को तर्फ सामाजिक वृत्तमा प्रभाव पार्ने आर्थिक तत्वले आफ्नो परम्परागत पुरानो सामन्तवादको मक्किदो अवस्थाबाट आधुनिक पुँजीवादतर्फ संक्रमण गर्दैछ ।

यसले परम्परागत सामाजिक जीवनका आधारहरूलाई खल्वल्याउदै गएकाले उनीहरूका पुराना सामाजिक सम्बन्धहरू हट्दै गएका छन् र नयाँ सम्बन्धहरू देखा पर्न थालेका छन् । यही बजहमा दलित गैरदलितबीचका अर्थात् सम्बन्धहरूमा फरक पर्न गएको देखिन्छ । जसले गर्दा दलितहरू र गैर-दलितहरूमा छोइछिटो छुतअछूतको भावना पातलिँदै गएको पाइन्छ । जातिवादको कठोरपन नरम बन्दै गएकाले दलितहरू पनि थोरैमात्रामा भए पनि खुला वातावरणमा आउँदैछन् । शिक्षा-दीक्षाको महत्वलाई मनन गर्दै गएका पाइन्छन् । आफ्ना कमजोरीहरूलाई बुझ्दै त्यसको निकासतर्फ लागेका छन् । आर्थिक क्रियाकलापमा विशेषरूपले सरिक हुँदै गएका छन् । पुराना निमेक गर्ने हली मात्रै हुने, भारीमात्र खेप्ने कामहरूबाट विस्तारै विस्थापित भई नयाँ नयाँ रोजगारहरूमा अगाडि बढ्दै गरेका देखिन्छन् । उनीहरूमा स्वावलम्बीपन आत्मविश्वास बढ्दै गएको पाइन्छ । गैर-दलितहरूले उनीहरूका यस्ता गतिविधि र अग्रगमनलाई स्वाभाविक ठान्दै गएका छन् । छुवाछूत, भेदभाव, पक्षपात, घृणा र हिंसा गर्ने मनोवृत्तिमा पराम्परागत कट्टरता कम भएको छ । केही विशिष्ट अवस्थाका बाबजूद यस्ता मामलाहरू सामान्य हुँदै गएका छन् । दलितहरूका आर्थिक अनुशासनले गर्दा शोषणमा पनि सामान्यतः कमी ल्याएको पाइन्छ । यिनीहरू नै उनीहरूबीच अध्ययनका सिलसिलामा देखिएका परिवर्तनहरू हुन् ।

जतिजति सामाजिक आवश्यकताका उत्पादन कार्य, श्रम, सीप र प्रविधिको प्रगति हुन्छ र तदनुरूप मानवीय चेतना र अवधारणाहरू पनि बदलिँदै जाने क्रममा हुन्छन् त्यति त्यति सामाजिक पक्षपात भेदभाव र जातपातमा रहेका व्यवधानहरू स्वतः विलाउँदै जाने क्रम रहन्छ। तर पनि यसको उन्मूलनका लागि आवश्यक शक्तिको खाँचो रहन्छ नै।

निष्कर्ष

अध्ययन क्षेत्रका दलित र गैर-दलितको यस अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने जातीय संरचनाको सामाजिक स्वरूपमा परिवर्तन आएको छ र सारमा चाहिं खास फरक नपरे तापनि भत्किने अवस्था सुरु भएको छ। तर स्वरूप सारमा होइन सार नै स्वरूपमा पल्ट खाने अवस्थामा देखिन्छ; र यसभित्र खेल्ने चल तथा परिवर्त्यहरूले जुन गति लिन्छन् त्यही गतिमा स्वरूपीय आधारमा सार परिणत हुनेछ अनि जातीय भिन्नता पनि जातीय एकरूपतामा तथा समानतामा फेरिने अवस्थामाछ। यस्ता चल भनेका जीविकाका सवाल हुन्। प्राविधिक विकास, उत्पादन बृद्धि र वितरण, सामाजिक संचेतना, शिक्षा, स्वास्थ्य, सञ्चार, साधन-स्रोत र साध्य वस्तु र जीवनस्तरको उच्चता नै चल हुन्। जब यिनीहरूमा गतिशीलता आउनेछ र परिवर्तन हुनेछ तब जातीय विभेदहरू विलाउँदै जानेछन्। तर यी सबै तारतम्य मिलाउन मानिसले आफूलाई सङ्घर्षमा अघि बढाउन भने आवश्यक छ। किनभने प्रक्रिया अगाडि बढीसकेको तथ्य वस्तुगत अध्ययनले देखाएको छ। यसले गर्दा परम्परागत ठाडो भेदभाव, पक्षपात, अत्याचार, अन्याय शोषण दमन र लुट खसोटहरू आजको समाजमा अमानुषिक र असामयिक बन्दै गएका छन्। जसले गर्दा नै यस गाउँका दलित र गैर-

दलितहरूमा जातीय अन्तरसम्बन्धका कटुताहरू धरापमा परेका छन् र समानतातर्फ बढिरहेका छन् । वास्तवमा यो नै परिवर्तनको द्योतक हो ।

अतः दलित-गैरदलितको यस परम्परागत सम्बन्धलाई युगसापेक्ष परिवर्तन गर्न सम्बन्धित सबै पक्षले आ-आफ्ना ठाउँबाट लिनुपर्ने जिम्मेदारीपूर्ण ठोस पहलको समय पनि अति नै ढिलो भैसकेको निष्कर्ष निस्कन्छ । किनभने आज यो समस्या एक अनावश्यक दुष्कर्म मानिने हुनाले पनि यसलाई जसले जति बुझ्यो, उति नै लाज लाग्ने र जो जति जिम्मेवार बन्यो उति नै चुनौती बोध हुने समस्या भएको छ । यसमा तुरुन्त समायोजन ल्याउन सम्बन्धित सबै क्षेत्र र निकायहरूबाट तदारुकताका साथ पहल हुनु आवश्यक देखिन्छ । यद्यपि यो समस्या न जातीय समस्या हो, न धार्मिक । न सामाजिक हो न साँस्कृतिक न आर्थिक हो, न राजनीतिक मात्र । बरु समष्टिगत पूर्ण मानवीय समस्या हो । तथा मानवीयताको चरम उल्लङ्घन पनि हो; यसलाई पहिचान गर्नु र परिवर्तन गर्नु कथित दलित-गैरदलित लगायत सम्बन्धित सबै पक्षले ध्यान दिनु आवश्यक छ ।

# सन्दर्भ सूची ९च्भाभचभलअभ०


अधिकारी, नीलमशेखर । २०५७ । *नेपालमा जातीय आन्दोलन* । काठमाण्डौः कृपासुर शेर्पा ।

आहुति । २०६७ । "नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष" । प्रकाशन समता फाउण्डेशन । ललितपुर ।

आहुती २०६२ *हिन्दू सामन्तवाद र राज्यको पुनः संरचनामा दलित प्रश्न (साभार) राज्यको पुनः संरचनामा दलित सहभागिता* । प्रकाशक । डा. विश्वनाथ कोइराला, राजन खड्का, राजकुमार बराल ।

आहुति । २०६० । *"हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न"* । काठमाडौं । प्रकाशक ।

आत्मनिर्भर विकास मन्च ।

ऋग्वेद १०/९०/१२ "(*मानवताको कलङ्क जातपात र छुवाछूतप्रथा"* बाट साभार, लेखक-मोदनाथ प्रश्रित (२०५८) गुल्मी, प्रकाशक : किरण पुस्तकालय, तमघास ।

कुँवर टेकनारायण । २०६३ । नेपालमा जातीय विभेद कानुनी स्थिति र मानवअधिकार र राज्यको पुनः संरचनामा दलित सहभागिताबाट साभार ।

कोइराला डा. विश्वनाथ । २०५४ । *नेपालका दलित र तिनको शिक्षा एक अध्ययन ।* समानता पत्रिका । २०५४बाट साभार ।

खत्री, डा. प्रेम, दाहाल, डा. पेशल । २०४५ । *"नेपाली संस्कृति र सभ्यता"* ।

काठमाडौं, प्रकाशक । नेपाल बुक्स सेन्टर भोटाहिटी ।

नेहरू, जवाहरलाल । सन् १९४४ । *"हिन्दूस्तान कि कहानी"* । संक्षिप्त । प्रकाशक - यशपाल जैन मंत्री सस्ता साहित्य मण्डल प्रकाशन । कनाट सर्कस, नईदिल्ली ।

*नेपालको अन्तरिम विधान* २०६३ । प्रकाशक । नेपाल सरकार । २०६३ । *“नेपालको संविधान* २०४७ । प्रकाशक । बौद्धिक दर्पण प्रकाशन ।

*नेपालको संविधान २०७२* । प्रकाशक । ने' कार । २०७२

पाण्डे, मधुसूदन । २०६३ / *“नेपालमा दलितहरू”* । काठमाडौं, पैरवी प्रकाशन, रामशाहपथ ।

पराजुली डा. विश्वकल्याण । २०५० । नेपालमा जातीय छुवाछुत सम्बन्धी : एक चर्चा । समानता पत्रिका २०५४ बाट साभार ।

परियार मदन । २०६३ । *“के दलितहरूले अपेक्षित प्रतिफल पाउलान त अब?”* लेखबाट साभार *“राज्यको पुनःसंरचनामा दलित सहभागिता”* पुस्तकबाट साभार, प्रकाशक डा.विद्यानाथ कोइराला, राजन खड्का, राजकुमार बराल ।

प्रश्रित, मोदनाथ, । २०५८ । *“मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा”* प्रकाशक । तम्घास, गुल्मी, किरण पुस्तकालय ।

बिष्ट, डोरबहादुर । २०५५ । *सबै जातको साझा प्रकाशन* । ललितपुर काठमाण्डौ नेपाल ।

विश्वकर्मा, पदमलाल । २०५४ । *उत्पीडित दलित मुक्ति आन्दोलनको सही दिशा* - शीर्षक लेखको समानता पत्रिका २०५४, कार्तिक अङ्कबाट साभार ।

विश्वकर्मा पदमलाल । २०५४ । *समानता* २०५४ । कार्तिकको अङ्कबाट साभार ।

भट्टचन, कृष्ण. सुनार, तेज. भट्टचन, (गौचन), यशोकान्ति । २०६५ । *“नेपालमा जातीय भेदभाव”* । प्रकाशक,नेपाल गैरसरकारी संस्था महासंघ, नेपाल ।

मिश्र, चैतन्य । २०६२ । *पूँजीवाद र नेपाल* । काठमाण्डौं, टेकु, मुल्याङ्कन प्रकाशन गृह प्रा.लि.।

मार्क्स, कार्ल । १८४८ । *कम्युनिष्ट मेनिफेस्टो* - अंग्रेजी संस्करण, मास्को, १९४६ ।

मार्क्स, कार्ल *राजनैतिक अर्थशास्त्रको समालोचनात्मक निबन्ध* - कार्लमार्क्स संकलित

स्तालिन, जोसेफ *"लेनिनवादका आधार* नुवादक - कृष्णदास श्रेष्ठ, प्रकाशक, रमेशकुमा श्रेष्ठ । २०३९ ।

स्तालीन जोसेफ । *"मार्क्सवाद र जातीय सवाल* - भाषान्तर कृष्णदास श्रेष्ठ । काठमाडौ । प्रकाशक । प्रगति पुस्तक सदन २०५८ डिल्लीबजार ।